# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैंटौ अधिवेशन

# (अट्ठाइसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०३।०८ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १२:२१ बजे बस्यो ।

## माननीय सभामुख

माननीय सदस्यहरू, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, सर्वप्रथम म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई मिति २०७७ साल असार ७ गते सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

## माननीय किरण गुरुङ

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असार ७ गते सभामा प्रस्तुत भएको विनियोजन विधेयक २०७७ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधयेक माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म विनियोजन विधेयक २०७७ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।
यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।
हुन्न भन्ने आवाज सुनिएन तसर्थ विनियोजन विधेयक २०७७ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।
माननीय सदस्यहरु, अब माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७७ साल असार ७ गते सभामा प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७७ माथिको छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु यस छलफलमा विधेयकको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश निति तथा योजना आयोगसँग सम्बन्धित विषय विभिन्न शीर्षकहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु । उक्त छलफलमा बोल्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरुलाई ७ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आफ्नो भनाइ राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री आशा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय आशा कोइराला

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सरकारको विनियोजन विधेयक माथि हामी छलफल गर्न गइरहेका छौं । गण्डकी प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि नै महत्वपूर्ण नीति, योजना, बजेट र कार्यक्रम सार्वजनिक गर्दै गर्दा दीर्घकालीन महत्वका योजना छनौट गर्दै आएको हामी सबैलाई विधितै नै छ । वार्षिक बजेट पुस्तिका हेर्दा सरकारको दुरदर्शीता, कार्यकुशलता, सचेत प्रयत्नका साथ संवेदनशीलतासमेत झल्किएको देखिन्छ त्यसकारण प्रदेश सरकारले समयानुकुल ऐन, कानून निर्माण गर्ने, संशोधन गर्ने, चुस्त प्रशासन, सहज र सरल ढंगले समयमा सेवा प्रवाह गर्ने, प्रभावकारी अनुमगन, मूल्यांकन, प्रोत्साहन, पुरस्कार एवम् दण्ड सजायको व्यवस्था गर्दै जनउत्तरदायी सरकारको रुपमा स्थापित हुन सकोस् । कोरोना महामारीलगायत अन्य सबै खाले विपत र चुनौतीको बाबजुद प्रदेशको विकास र संवृद्धिमा गुणात्मक फड्को मार्न सक्ने अवस्था यस सरकारलाई प्राप्त होस् म हार्दिक शुभकामना दिन चाहन्छु ।

कतिपय हाम्रा योजनाहरु मुख्यमन्त्री कार्यालय र विशेष गरेर म अर्थ मन्त्रालयसँग लक्षित गरेर के आग्रह गर्न चाहन्छु भने कतिपय दीर्घकालीन महत्वका आयोजनाहरु विविध कारणले छोडिनुले राम्रो परिणाम दिन नसक्ने हुँदा असहज परिस्थितिमा परिणाम दिन सक्ने हैसियत सरकारले राख्नुपर्दछ । त्यही असहजतामा सफलता प्राप्त गर्न सक्ने दीर्घता सरकारसँग भयो भने मात्रै हामी राम्रोसँग सरकार सफल भएको मान्न सक्छौं त्यसैले मुख्यमन्त्री र मन्त्री परिषद् कार्यालय र अर्थ मन्त्रालयले यथातर्फ कुशल नेतृत्व प्रदान गर्ने छ भन्ने

मलाई अपेक्षा छ । भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत खानेपानी र सिञ्चाइलाई प्राथमिकतामा राख्नु, पुराना योजनालाई निरन्तरता दिनु, सीमित श्रोत र असीमित आवश्यकताका बीच अत्यन्त संयमित भएर योजना पस्किएको देखिन्छ । आयतनमा सानै भए पनि सबै क्षेत्र समेटेर सन्तुलन कायम गर्न खोजिएको छ तापनि रणनीतिक महत्वका सडक, पुल थुप्रै ठाउँमा खानेपानीका, सिँचाइका, सामुदायिक भवनहरुका अत्यन्त ज्वलन्त आवश्यकता र चर्को माग रहेको अवस्थालाई मध्यनजर गरेर यसलाई सम्बोधन गर्नेतर्फ सरकारले ध्यान दियोस् त्यो अपेक्षा पनि म गर्न चाहन्छु । धेरै कामहरु आर्थिक वर्षको अन्तिममा मात्र शुरु गर्ने हाम्रो परम्परागत रोग अझै जान सकेन यसको लागि समयमा नै कार्य गर्नेतर्फ आवश्यक पहल कदमी लिनुपर्ने र गलत परम्परालाई ब्रेक गर्नपर्ने आवश्यकता मैले टड्कारो रुपमा देखेको छु । कहिलेकाही योजनाहरु आवश्यकताले भन्दा पनि पहुँचले नै छनौट भएका हुन् कि भन्ने प्रश्न धेरै उठ्ने गरेका छन् यतातर्फ मन्त्रालय सचेत बनोस् । म मन्त्रालयको विशेष ध्यानाकर्षण गर्न चाहन्छु । मेरा केही प्रश्नहरु छन्, अथवा मैले केही जिज्ञासाहरु यहाँ समक्ष राख्न चाहन्छु ।

खाद्यान्न बैंकको कुरा नीति कार्यक्रममा र हाम्रो मुख्यमन्त्रीले आफ्नो वक्तव्यमा पनि निकै महत्वका साथ उल्लेख गर्नु भो । स्थानीय उत्पादनलाई संकलन भण्डारण र अभावका बेला प्रयोग गर्ने गरी अत्यन्त महत्वका साथ आएको यो योजना सोही अनुसारको बजेटमा र योजनामा र यो बजेटको किताबमा नभएको पाइयो यसको पछाडि के कारण होला ? प्रदेश सरकारको गौरवको योजना भनेर गण्डकी काउ फर्म तथा दुग्ध विकास आयोजना तनहुको फिरफिरेमा स्थापना गर्ने भनियो, नीति कार्यक्रम र यो पनि माननीय मन्त्रीज्यूहरुको सम्बोधनमा विशेष महत्व पाएको विषय थियो तर कतै पनि प्रत्यक्ष रुपमा उल्लेख गरिएको देखिएन । यसमा बजेट छ कि छैन ? अथवा यो कार्यक्रमलाई कुन शीर्षकले प्रतिनिधित्व गर्न सक्छ ? त्यो विषयमा पनि यहाँहरुले स्पष्ट पार्नु नै हुनेछ । ग्रामीण गरीबि निवारणका लागि विकास कार्यक्रम भनेर ११ करोड रुपैयाँ विनियोजन गरिएको छ । यसमा कस्तो खालको कार्यक्रमहरु समावेश हुन्छन् ।

त्यसमा पनि मेरो जिज्ञासा छ । प्रदेश गौरवको आयोजना अथवा ज्ञान केन्द्र प्लान भनेर राखिएको कास्की र तनहुँको पुनीटार क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना गर्ने भनियो तर रातो किताबमा तनहुँ छुटेर कास्की मात्र उल्लेख गरेर आयो । त्यसमा हिजो माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूको जवाफमा पनि त्यो कुरालाई सम्बोधन हुन सकेन। त्यसकारण यसतर्फ सम्बोधन होस्  र केही समस्या भएको भए त्यो विषयमा पनि स्पष्ट पारियोस् भन्ने म आग्रह गर्न चाहन्छु । आयोजना बैंकका कुराहरु हामीले गरेका छौं । यो आयोजना बैंकको स्थापना कसरी हुन्छ र कस्ता खालका आयोजनाहरु आयोजना बैंकमा समेटिन्छन् । सम्मानित सदनमा यो कुराहरुको स्पष्ट जानकारी पाउन पाए राम्रो हुने थियो

भन्ने मलाई लागेको छ । जिल्ला समन्वय समितिलाई समन्वय र अनुगमनका अलवा कार्यक्रमहरु पनि दिएको मैले यो विनियोजन विधेयकमा प्राप्त गरेको छु । के जिल्ला समन्वय समितिलाई समन्वय र अनुगमनको अलवा अरु अधिकार दिएर विशेष भूमिका अथवा सक्रिय बनाउन खोजिएको हो ? यो पनि मेरो प्रश्न छ । त्यस्तै गरेर नीति तथा योजना आयोगले पञ्चवर्षीय योजना मध्यमकालीन खर्च संरचनाका थुप्रै महत्वपूर्ण कामहरु गरिरहेको छ । त्यसको साथै आयोगमा प्रदेशभित्रका योजना र त्यसको प्रगतिको तथ्यांक छ कि छैन अथवा त्यो तथ्यांकलाई अद्यावधिक गर्न र हामीले कुनै पनि प्रदेशका हरेक योजनाहरुको अथवा हरेक विषयहरुको तथ्यांकहरु खोज्दाखेरी नीति योजना आयोगमा प्राप्त गर्ने वातावरण पैदा गर्न विशेष योजना बनाइयोस् । यतातर्फ पनि म विशेष ध्यानाकर्षण गर्न चाहन्छु । लोकसेवा आयोगको शीघ्र गठन गरी कर्मचारी अभावका कारण प्रभावित भएका सरकारका कामलाई व्यवस्थित र प्रभावकारी बनाउन योग्य कर्मचारी पूर्ति गर्ने शीघ्र व्यवस्था गरियोस् । यतातर्फ पनि म ध्यानाकर्षण गर्न चाहन्छु ।

कोभिड १९ लाई उच्च प्राथमिकतामा राखेर यसको नियन्त्रण, उपचारको प्रभावकारी कार्यान्वयनको योजना अघि सारिएको छ । अत्यन्त महत्वका साथ सभामुख महोदय, यो कोभिड प्रभावितबाट प्रभावित अथवा विदेशबाट फर्किएका युवाहरु र स्वदेशमै भएका बेरोजगार युवाहरुलाई लक्षित गरेर ल्याइएका यी कार्यक्रमहरु स्पष्ट नीतिका साथ समयमा सहज र सरल प्रकृबाट कार्यान्वयन हुने र परिणाममुखी बनाउने विषयमा सरकारको ध्यान जाने छ भन्ने आशा गर्दै सरकारले प्रस्तुत गरेको नीति, कार्यक्रम, बजेट र अहिलेको विनियोजन विधेयक हेर्दाखेरी हामीले अवश्य पनि सरकार यो मानेमा सफल हुन्छ (माननीय सभामुखः माननीय सदस्य समय सकियो) भन्ने आशा एवम् विश्वास प्रकट गर्दै यो बजेटको पूर्ण समर्थन गर्न चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्णबहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्ण बहादुर थापा

माननीय सभामुख महोदय, आज हामी यस सम्मानित सभामा मन्त्रालय अन्तर्गतको छलफलमा छौं र म आफ्नो हिसाब राख्न चाहन्छु । विगत केही समयदेखि देशको केही भूभागहरुमा बाढी पहिरो गइरहेको छ र त्यसले धेरै ठूलो धनजनको क्षति भइरहेको छ । र त्यसप्रति दुःख व्यक्त गर्दै मृतक परिवारहरुप्रति हार्दिक, मृतकहरुप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । त्यस्तै गरेर हिजो मात्रै कास्कीको पोखरा महानगरपालिका वडा नं. ३३ मा रहेको बरपौवा, मनिर डाँडा, चौहादी सडक खण्ड अन्तर्गत मनिरडाँडामा वर्षातको कारण दुई सय मिटर लम्बाई र अनुमानित १०० मिटरको उचाइबाट पहिरो

गएको छ । त्यस्तै पोखरा ३३ को भगवती चौतारा, सिंगारेवास सडकको दुलेगौडा खण्डमा ५० मिटर लम्बाई र ४१ मिटरको घुम्ती सडकमा वर्षादका कारण पहिरो गएको छ । तसर्थ त्यो पहिरोलाई तत्काल त्यो पहिरोलाई त्यहाँ हटाएर उचित व्यवस्था गर्न म सभामुखमार्फत् सम्बन्धित मन्त्रालयको ध्यानआकर्षण गराउन चाहन्छु ।

सभामुख महोदय, अहिले हामी यो छलफलमा रही रहँदा र विशेषतः मैले यहाँ संसदीय पार्टीका सभासदहरुको यसो अनुहार आज बिहानदेखि नै कुराकानी छलफल हेरिरहँदा, बुझ्दा यो हो । खाऊ भने दिनभरिको शिकार नआऊ भने कान्छा बाऊको अनुहार भन्ने एउटा उखान हाम्रो नेपालमा धेरै चर्चित छ । कताकता त्यस्तो हुन खोजको हो कि जस्तो लाग्छ तर मलाई विश्वास छ त्यस्तो हुन नदिनका लागि हाम्रो जिम्मेवारीको सरकार, कम्प्युनिष्ट पार्टीको सरकार आदरणीय मन्त्रीज्यूहरु एकदमै समयमै त्यसमा ध्यान पुऱ्याउनु हुने भन्ने विश्वास लिन चाहन्छु । खास गरी यहाँ मुख्यमन्त्री कार्यालय अन्तर्गत गरिने कामहरु असाध्यै महत्वपूर्ण छन् र मलाई के लाग्छ भने, यदि हामीलाई पूर्वाधार विकास कार्यक्रम हामीले गत सालदेखि शुरु गर्‍यौं यदि त्यो कार्यक्रम लागू हुने थिएन भने सम्भवतः प्रदेशका सभासदहरुले सम्बन्धित त्यो आ-आफ्नो ठाउँमा म सभासद् हुँ भनेर गएर मुख देखाउने ठाउँ पनि हुँदैनथ्यो त्यो खालको स्थिति थियो तसर्थ त्यो योजना पनि महत्वपूर्ण छ । त्यसका साथसाथै मुख्यमन्त्री कार्यालयबाटै एउटा सिँगो प्रदेशको मनिटरिंग गर्ने र तत्काल, तुरुन्तै समस्याहरु समाधान गर्नका लागि निर्देशन दिने जुन एक खालको अब नामै त्यसलाई वार्डेनका रुपमा हेरिएको छ एकदमै महत्वपूर्ण छ । त्यसले धेरै खालको राम्रो काम गरेको छ भन्ने मलाई लाग्छ र हामी यो बजेटको छलफल, नीति तथा कार्यक्रम आर्थिक मन्त्रालय अन्तर्गतको छलफलमा छौं ।

यो सम्मानित सभामा हामी सबै सभासद्हरुले त्यसलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहर्ष हामीले त्यो सबै कार्यक्रमलाई स्वीकारेको त्यसलाई पनि म यहाँहरुको अगाडि राख्न चाहन्छु । त्यस्तै गरेर हाम्रो अर्थमन्त्री माननीय किरण गुरुङज्यूले आफ्नो जुन प्रतिउत्तर भाषणमा केही असाध्यै महत्वपूर्ण प्रतिबद्धताहरु यहाँ व्यक्त गरिएको छ । जस्तै सबै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न छुट्टाछुट्टै कार्यविधि तर्जुमा नगरी आ आफ्ना कार्य गर्न एकीकृत कार्यविधिका रुपमा व्यवस्था मिलाउने लेखेको छ एकदमै महत्वपूर्ण छ । त्यस्तै गरेर मन्त्रालयले मातहतका निकायलाई बजेट तथा कार्यक्रममा समावेश भएका स्वीकृति कार्यक्रमको कार्यान्वयनका लागि साउनको पहिलो हप्ताभित्रै कार्यान्वयन मार्गदर्शन पठाउने अनिवार्य व्यवस्था मिलाइएको छ । त्यस्तै गरेर मन्त्रालयले मातहतका निकायमा पठाउने गरी राखिएका कार्यक्रम असोज मसान्तभित्र बाँडफाँड गरी अख्तियारीसहित पठाइसक्नुपर्ने अनिवार्य व्यवस्था छ यो एकदमै महत्वपूर्ण छ हामी सबैलाई एउटा शंका यो विगतको जस्तै योजनाहरु जाने तर योजना कार्यान्वयन नहुने जुन थियो त्यो समयमै कार्यान्वयन

गर्ने जुन प्रतिबद्धता छ त्यो एकदमै राम्रो छ। त्यसको साथसाथै भौतिक योजना मन्त्रालयले हामीलाई हिजोमात्रै एकदम विकासको ठेली बाँडेको छ यहाँ धेरै राम्रा योजनाहरु छन् ।

त्यति हुँदाहुँदै पनि एकखालको फेरि त्यो योजनाहरु नभएको भए सम्भवतः हामी गण्डकी प्रदेशका सभासदहरुले सम्बन्धित ठाउँमा गएर यो-यो योजना ल्यायौं भनेर भन्न नसक्ने हो भने त्यसमा पनि हामीलाई धेरै समस्या हुने थियो त्यो एकदमै राम्रो छ। यति हुँदाहुँदै पनि विशेष गरेर हामीले योजनाहरु अहिले पनि त्यही भनेकै आधारमा सुटुक्क घुसाउने हो कि? एकदम उच्च पदस्त व्यूरोक्रेसीहरुले एकदमै छाप्दाछाप्दै योजनाहरु राख्ने हो कि ? ठुल्ठूला नेताहरुले फोन गरेर राखिदिने हो कि ? हामीले यो गणतन्त्रात्मक शासन व्यवस्थामा पनि यो नै विधि त्यो हामी सबैका लागि स्वीकार्य हुँदैन । त्यसो भएको हुनाले एउटा सिष्टमले नै योजनाहरु तर्जुमा गर्ने हो । कहाँ कसरी दिने हो स्वभाविक त्यो सोधियो होला तर सभासदले पठाएका योजनाहरु यो कारणले मेरो योजना परेन भनेर सोही सभासद् स्वयम् आफैले आफैलाई स्वीकार गर्ने त्यो अवस्था हामीले सिर्जना गर्न सक्यौं भने त्यो धेरै राम्रो हुन्छ अनि योजना हेर्दै जाँदा मन्त्री, मन्त्रिको जिल्ला, त्यसपछि मन्त्रीको निर्वाचन क्षेत्र त्यहाँ योजनाका चाङ लाग्ने अनि अरु ठाउँमा नहुने त्यसले पनि मलाई लाग्छ हाम्रो प्रदेश सरकारलाई एउटा राम्रो सोभनिय हुँदैन होला त्यसतर्फ पनि हामी समय मै ध्यान दिएर गण्डकी प्रदेश सरकारले जुन सुरुदेखि नै स्थापनाको कालदेखि नै एकदमै योजनाबद्ध सुखी नेपाली, संवृद्ध नेपाल निर्माण गर्नका लागि अग्रगतिका साथ विकास निर्माणको कामलाई अगाडि बढाएर गण्डकी प्रदेशलाई सभ्य, सुसंस्कृत नागरिकहरुले बसोबास गरेको एउटा आर्थिक रुपमा सम्पन्न प्रदेश बनाउने जुन ध्येयका साथ हामी अगाडि बढेका छौं।

त्यसलाई मिट गर्नका लागि हामीले एउटा सिष्टमेटिक एउटा एकदमै सुशासनयुक्त ढंगले काम गर्दा राम्रो हुन्छ त्यसतर्फ उन्मुख त छ अझै हामीले त्यसतर्फ प्रयत्न गर्नुपर्ने आवश्यकता छ भन्ने मलाई लाग्छ। त्यसको साथसाथै सभासदहरु हामी सबै हाम्रो भूमिका पनि एउटा के जरुरी छ भने हामीले योजना पाइरहँदा तुरुन्तै खुसी भइहाल्ने र नपाइरहँदा विरोध गरिहाल्ने यो प्रवृत्ति पनि मलाई लाग्छ त्यति राम्रो लाग्दैन र समग्रतामा हाम्रो बजेट, नीति तथा कार्यक्रम जुन अहिले हामीले छलफल गरिररहेको मन्त्रीपरिषद्को योजना र कार्यक्रमहरु छन् यो एकदमै राम्रो भएको र यसप्रति मेरो पूर्ण समर्थन रहेको जनाउँदै विदा हुन चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मनकुमारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु । माननीयहरुलाई अलि अप्ठ्यारो भयो कि जस्तो लाग्यो यसपछि माननीय पियारी थापा ।

## माननीय मनकुमारी गुरुङ

माननीय सभामुख महोदय, आज यो बजेट माथि रातो किताब माथि जुन छलफल हुन गइरहेको छ त्यो विषयमा कमेन्ट गर्नका लागि म अनुमति चाहन्छु । सभामुख महोदय, र जुन यो योजनाको विषयमा अहिले हाम्रो गरिमामय सदनमा छलफल भएको योजनाहरु छ र मलाई लाग्छ धेरै जसो पुराना योजनाहरु पुरानो आएको छ र हाम्रो मान्यता के थियो भने यो योजना समावेश गर्दै गर्दाखेरि अब हामीले पहिला ७५-७६, ७४-७५ देखि नै कुरा उठाइरहँदा, कुरा उठाउँदै आइरहेको धेरै योजनाहरु पनि थियो जुन योजना पब्लिकलाई पब्लिकमा जाँदै गर्दा खेरी र मष्ट इम्पोटेन्ट योजनाहरु कुन हो भन्ने कुरा हामीले सबै मन्त्रालयमा उठाउँदै आइरहेका थियौं । कतिपय यस्ता योजनाहरु जनताको प्रत्यक्ष जनतासँग सरोकार राख्ने योजनाहरु समावेश भएको छ जस्तो मलाई लाग्दैन र पटक पटक हामीले मन्त्रालय जाँदै प्रत्येक मन्त्रालयमा हामी जाँदै कुरा उठाउँदै आइराखेका धेरै यस्ता योजनाहरु छुटिराखेको छ र म यो विषयमा धेरै कमेन्ट गर्न भन्दा पनि अहिले जुन परिस्थिति, परिवेश अहिले छुट्टै रहेको भएको हुनाले अहिलेको महामारिको कारणले पनि हामीले अहिले बजेटलाई डाइभर्ट गर्‍यौं र हामीले पनि प्रतिपक्षको हिसाबले कुरा उठाउँदै गर्दाखेरि अहिले धेरै त्यस्ता खाले योजनाहरुलाई कटाएर कोरोनाको उपचारमा पुगेन भनेर हामीले अहिले बजेट वक्तव्यमा पनि, नीति तथा कार्यक्रममा पनि हामीले धेरै सुझाव दियौं। धेरै बोल्यौं होइन त्यसलाई सकारात्मक टिप्पणी भने पनि विरोध भने पनि हामीले यो सदनमा धेरै गर्‍यौ र अहिले फाइनल्ली रेडबुकमा आइसकेको धेरै योजनाहरु हामीलाई सबै चित्त बुझेको छैन । हामीले उठाउँदै गर्दाखेरि सबै जुन पहिलो वर्षको नीति तथा कार्यक्रममा धेरै वाचाबन्धन गरेका योजनाहरु पनि पूरा भएको छैन । ५ वर्षे प्लानिङ गर्दैगर्दा खेरि यो सरकारले हामी ५ वर्षभित्रमा यति हामी यो गर्छौं, त्यो गर्छौं । धेरै कुराहरु नारामा मात्र सीमित भएको छ । हामीले कुरा उठाउँदै गर्दाखेरि स्थानीय तह यो संघीय राज्य व्यवस्थामा संघ, प्रदेश र स्थानीय तह मिलेर जानुपर्छ । अहिलेको नयाँ व्यवस्था अनुसार स्थानीय तहलाई मष्ट इम्पोटेन्ट दिनुपर्छ । हामीले त्यो स्थानीय तहको योजनाहरु बढी प्राथमिकीकरणमा राखिनुपर्छ र यो रातो किताबमा आउँदा समेटिएर आउनुपर्छ भनेर हामीले विगतदेखि नै अहिलेसम्म हामीले बोल्दै आइरहेका थियौं तर त्यो योजनाहरु कताकति धेरै थोक छुटेको छ र स्थानीय तहकोले जति पनि समन्वय गरेर, सिफारिस गरेर, कतिपय योजनाहरु त छुट्ने अवस्था पनि हुन्छ । गाउँपालिका, नगरपालिकाले सिफारिस गर्दै गर्दा खेरी त्यस्तो खाले प्रदेशसँग अपेक्षा गरेको योजनाहरु हुन्छ । प्लानिङ हुन्छ हामीले त स्थानीय तहको प्लानिङ अनुसार हामीले घर-घर हामीले के भनेका थियौं भने सिंहदरबार घरघर भन्ने नाराको साथ यो संघीय राज्य व्यवस्थालाई टिकाउनका लागि तपाईं हामी सबै जनताको घरदैलोमा गएका थियौं । यथार्थ नै हो त्यही कारणले त्यो कुरालाई एकदमै आत्मसाथ गरेर एकदमै छातीमा हात राखेर यो बुक निकाल्ने बेलामा स्थानीय तहसँग एकदमै सरसल्लाह गरेर, एकदमै समन्वय गरेर अगाडि जानु पर्थ्यो भन्ने मेरो मान्यता हो।

नत्र किन भने द्वन्द सिर्जना हुन्छ । यो राज्य व्यवस्थालाई टिकाउनका लागि त हामीले संघ, प्रदेश र स्थानीय तहको एक आपसमा मिलेर अगाडि बढ्नुपर्छ । यदि यो बीचमा कन्फिल्क्ट पैदा भयो भने यो राज्य व्यवस्था टिक्न सक्दैन । मेरो मन्त्रीज्यूहरुलाई त्यही हो र किनभने हिजो कार्यकर्ताले ल मन्त्रीज्यू फलानो ठाउँमा चाहियो भनेको भरमा योजना टिपाएर रातो किताबमा निकाल्नु भन्दा सबै माननीयहरुसँग छलफल गरेर र सबै स्थानीय तहले प्राथमिकीकरणमा राखेको योजनाहरुमा विशेष ध्यान दिएर यो किताबमा आउनु पर्थ्यो । मेरो यही भनाइ हो र सबै जनताको अपेक्षा पनि त्यही हो । जनताहरुले त कस्तो खालको आउँछ हैन रातो किताब आउँदै गर्दा खेरी होइन कस्तो हाम्रो योजना समेटिन्छ कि समेटिन्न ? हिजो पहिलो वर्षमा पनि नीति तथा कार्यक्रम ल्याउने बेलामा पहिलो वर्षको प्रदेशको प्लानिङ गर्दैगर्दा खेरी त हाम्रो सबै प्रदेशको कुराहरु त्यहाँ छ । एक घर, एक धारादेखिको कुरादेखि लिएर, हस्पिटलको कुरादेखि लिएर, उद्योग ग्रामको कुरादेखि लिएर सबै कुराहरु यो जनतालाई यो प्रदेशलाई संवृद्ध बनाउने धेरै नाराहरु छ तर त्यो नारालाई टेकेर यो बुकमा आयो कि आएन भन्ने मेरो प्रश्न हो त्यसै कारणले अब हामी त दुई वर्ष मात्रै बाँकी छौं । त्यसकारणले म मन्त्रीज्यूहरुलाई के सुझाव दिन चाहन्छु भने हामीले राखेका जुन योजनाहरु अब २ वर्षमा कम्पिलिट्टी हुन्छ कि हुँदैन एउटा त्यसमा प्रदेशको नाम आओस्। एउटा कार्यकर्ताले टिपाएको भरमा योजना समावेश नहोस् । अहिलेसम्म जे भयो भयो, अबदेखि कति बास्केट फण्डमा भएको योजनाहरु छन् हामीले अबण्डा बजेट राख्नु हुँदैन भनेर भनेको थियौं त्यस्तो खालको पनि आएको छ त्यसकारणले त्यस्तो योजनाहरु त्यो बाँडफाँड गर्दैगर्दाखेरि सबैलाई अपनत्वको भूमिका मेरो योजना हो है भनेर हामी सबै ६० जना माननीयलाई त्यो महसुस होस् त्यो फिलिंग होस् त्यस्तो तरिकाले मन्त्रालयको मन्त्रीज्यूहरु अगाडि बढोस् भन्ने मान्यता हो । यो अहिलेसम्म स्थानीय तहले सिफारिस गरेको योजनाहरु एउटा पनि परेको छैन अहिलेसम्मको हामी यो निर्वाचन पश्चात जतिवटा बजेट हामीले दियौं त्यसमा त्यस्तो भएको छैन र कामहरु पनि एकदमै ढिलाइ गरेको छ त्यसैकारणले यसपालि ( माननीय सभामुखः माननीय सदस्य समय सकियो) पनि त्यही अर्को वर्ष पनि त्यही त्यसैमा हाल्नी र त्यही पुरानोलाई नयाँ देखाउने त्यस्तो काम नहोस्। एकदम कार्यान्वयन पक्ष एकदमै फितलो छ भन्दै म यही कुरा राख्दै विदा हुन चाहन्छु हवस् धन्यवाद जय नेपाल !

## माननीय सभामुख

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य राजिव पहारी ।

## माननीय पियारी थापा

माननीय सभामुख महोदय, यतिखेर हामी विनियोजन विधेयक २०७७ को विभिन्न मन्त्रालय अन्तर्गतको छलफलमा रही रहेका छौं । यो विधेयकलाई विचार गरियोस् भनेर प्रस्ताव गर्नु भएको छ त्यसकारण हामी विचार गर्नकै लागि मात्रै हामी यहाँ उपस्थित भएका छौं । हाम्रो विचार कत्तिको सुनिन्छ, कति त्यसलाई मनन गरिन्छ र त्यसलाई लागू हुन्छ भन्ने विषय त्यो फरक विषय हो तर हामी यस विचार गर्ने समय दिनुभएकोमा माननीय सभामुखलाई धन्यवाद दिँदै मेरो केही विचारहरु यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

मैले बजेट वक्तव्यको छलफलमा पनि भनेको थिएँ यो एउटा सुन्तला मिठाइ हो भनेर । सुन्तला मिठाइको ज्वलन्त उदाहरण यो हो । जसले, यसले कतिको मुख रसाइराखेको छ र कतिले पाउनु भएको छैन र त्यो मुख निन्याउरो बनाइराख्नु भएको छ  त्यसकारणले मैले यसलाई फेरि पनि सुन्तला मिठाइको अर्को पार्टको रुपमा लिएको छु ।

सभामुख महोदय, यो भौतिक पूर्वाधार मन्त्रालयबाट विनियोजन भएको बजेट, भौतिक पूर्वाधार मन्त्रालय जनताले प्रत्यक्ष रुपमा देख्न सक्ने कार्यक्रमहरुको विकास गर्ने मन्त्रालयको रुपमा रहेको छ । योजना छनौटमा पक्षपात भएको अनुभूति भएको छ । अभावलाई भन्दा पनि प्रभावलाई सम्बोधन भएको देखिएको छ । टुक्रे विनियोजन कार्यक्रम आउनु पनि यसको ज्वलन्त उदाहरण हो । अहिले भएको विकास कार्यक्रम चुनावी रणनीतिमा आएको छ । लोकको लागि भन्दा पनि भोटको कदर भएको देखिन्छ । यसले गर्दा मन्त्रीहरुको जिल्ला गण्डकी प्रदेशमा मात्र पर्नी र अन्यको जिल्ला गण्डकीमा नपर्नी हो कि ? भन्ने जस्तो पनि भान भएको छ । त्यसकारणले गर्दाखेरी पूर्वाधार यो विषयमा मन्त्रालयले पाउनुपर्ने चेतावनी र कहाँ-कहाँ कस्तो-कस्तो आवश्यकता छ भन्ने विषयमा त्यति गहिरो रुपमा अध्ययन नगरेको मैले महसुस गरेको छु । यो एउटा प्रभावमा मात्र आएको छ  त्यसकारणले गर्दा यसलाई सुधार्नुपर्छ । प्रभावले मात्रै होइन, जनतालाई दुरगामी भोलि चुनावका लागि तपाईंहरुले राम्रो यतिखेर जनताको आवश्यकतालाई सम्बोधन गर्न सक्नुहुन्छ भने भोलि तपाईंलाई चुनावमा भोट हाल्ने त्यही जनता हो त्यसकारणले गर्दाखेरी यो भोटको आधारमा मात्रै नभइकन यो जनताको महत्वपूर्ण आवश्यकतालाई आधार मानेर आउनुपर्ने थियो । त्यो हुन सकेको छैन । कतिपय ठाउँमा एकदमै लेख्नै नपर्ने गरेर बजेट पर्ने कतिपय ठाउँमा बजेटै नपर्ने यस्तो प्रकारको स्थितिले गर्दाखेरी के देखिएको छ भने यो पक्षपातपूर्ण भएको स्पष्ट रुपमा भएको यस्तो कार्यलाई हामीले सुधार्नुपर्छ । मैले अर्को कुरा राख्न चाहे पूर्वाधार मन्त्रालयको विकास कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा एउटै संस्थालाई टेन्डर दिने, एउटै संस्थालाई मूल्यांकन गर्ने र एउटै संस्थालाई अनुगमनको पाटो दियो र अर्को त्यसैलाई फेरि भुक्तानी दिने संस्थाको रुपमा एउटै संस्थालाई राखियो । त्यसकारणले गर्दा त्यहाँभित्र अनियमितता बढ्नु, ढिलासुस्ती हुनु त्यो कारणले गर्दा एउटै संस्थालाई टेन्डरिग गर्ने, अनुगमनमा दिने अनि त्यसलाई रकम भुक्तानीका लागि दिनु हुँदैन

त्यसका लागि छुट्टै संरचनाहरु खडा गरेर त्यो प्रकारको कामहरु गर्नका लागि यो रकम विनियोजन गर्नुपर्छ भन्ने मैले अनुरोध गर्न चाहन्छु ।

रकम भुक्तानीको क्रममा पनि समस्या छ । रकम भुक्तानी  डेढ वर्षमा सक्ने काम यदि छ महिनामा काम सकियो भने उसले रकम समयमै नपाउन सक्ने अवस्था छ  त्यसकारणले गर्दाखेरि यो रकम भुक्तानीलाई प्रदान गर्नका निमित्त यदि उसले छ महिना पहिला नै त्यो मापदण्ड पूरा गरेर काम गरेको छ र त्यो विधि प्रक्रियालाई पूरा गरेर काम गरेको छ भने त्यसलाई त्यो बेलामा पनि भुक्तानी दिने बाटोलाई खुला गरेर जानुपर्छ त्यसकारणले गर्दाखेरि एउटा काम हुने ढिलासुस्तीलाई, त्यसलाई रोक्ने सम्भावना हुन्छ  त्यसकारणले गर्दाखेरि त्यसलाई पनि विशेष ध्यान दिनुपर्छ भन्ने मैले विशेष अनुरोध गर्न चाहन्छु ।

मुख्यमन्त्री कार्यालयमा ठूला-ठूला रकम कार्यक्रम अन्तगर्त रहेको छ र यस्ता कार्यक्रमहरुमध्ये रहेको निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम कार्यान्वयनयमा जाने सन्दर्भमा गरिएको व्यवस्था अलि कमजोर भयो कि ?  जस्तो जनशक्तिको हिसाबले र विज्ञताको हिसाबले अहिले अर्थात् जिम्मेवारी दिएको कार्यले अलि सान्दर्भिक भएन कि भन्ने मैले प्रश्न गर्न चाहन्छु । यो एउटा पुल, पुलेसा खन्ने एउटा सिचाइलाई, भवन बनाउने, भ्यूटावर बनाउने, बाटो खन्ने बाटोहरु दिँदाखेरी उहाँहरुलाई त्यो जिम्मा दिँदाखेरी त्यो कार्यालयले कत्तिको पूरा गर्न सक्यो, त्यो काम प्रभावकारी भयो कि भएन ? भन्ने कुरामा पनि विचार गर्नका निमित्त र यसलाई सुधार गर्नका निमित्त मैले अनुरोध गर्न चाहन्छु । जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउने र अनुगमनको भूमिका दिनका लागि सबै प्रकारले दक्ष बनाउनुपर्छ । संविधानले निर्दिष्ट गरेको अधिकार प्रत्यायोजन गरी समन्वयात्मक भूमिकाका साथै अनुगमनको पाटोलाई प्रभावकारी बनाउन अधिकार सहितको कानून निर्माण गर्नुपर्छ र नीति तथा योजना आयोगको प्रदेशको भविष्यको खाँका कोर्ने अत्यन्तै महत्वपूर्ण भूमिकाको नीति तथा योजना आयोगको काम, कर्तव्य, अधिकारहरु यही पोखराको ब्राण्ड होटेलहरुमा मात्र सीमित भयो कि ? मैले त्यो अनुभूति गरेको छु । ग्रामीण दूर दराजसम्म जान नसकेको अनुभूति भएको छ त्यसकारणले गर्दाखेरि ग्रामीण दूर दराजमा जाने प्रकारको संयन्त्रहरु निर्माण गर्नका लागि मैले अनुरोध गर्न चाहन्छु । मध्यमकालिन खर्च व्यवस्थापन सम्बन्धी जस्तो महत्वपूर्ण विषय, यसको उद्देश्यहरुको लागि प्राप्ति गर्ने सन्दर्भमा प्रभावको होइन, अभावको वकालत गर्दै आवधिक योजना र बजेटको तारतम्यता मिलाउन गहन भूमिका निभाउनु पर्‍यो । यसका लागि बजेटको अभाव भयो भने यसलाई कहि मिलाउनु पर्‍यो। योजनाको प्राथमिकरण र परम्परागत भन्दा माथि उठेर यथार्थपरक, वस्तुनिष्ठ योजनाको कार्यलाई तीव्रता दिनुपर्छ । योजनासँग बजेटलाई बजेटलाई कार्यसम्पादनसँग जोडेर कार्यलाई उपलब्धिमूलक र आर्थिक अनुशासन कायम गर्ने काममा ध्यान दिनुपर्‍यो र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा विपत् र राहतको कोष राहत कोषमा भएको

रकम अत्यन्तै न्यून छ । यो रकम अत्यन्तै न्यून भएको कारणले गर्दा भोलि यदि आपतविपत् परिहाल्यो भने पनि मन्त्रीज्यूलाई गुहार्दा, माननीयमन्त्रीज्यूलाई गुहार्दा के भन्नुहुन्छ, रकमै छैन, यसको प्रकृति र प्रक्रिया झण्झटिलो छ अलिकति ठूलै समस्या आइपर्‍यो भनेदेखि सानो रकमले यो आलटाल गर्ने प्रवृत्ति छ त्यसकारणले गर्दाखेरि यो रकमलाई बढाएर लैजानुपर्छ मैले अनुरोध गर्न चाहन्छु र सुझाव दिन चाहन्छु । ट्राफिक लाइटको व्यवस्थापन तथा पोखरामा भएको अव्यवस्थित पार्किङको पनि सही व्यवस्थापन गर्नुपर्छ, सडक किनारमा छरपष्ट रुपमा राखेको सामग्रीले पोखराको सुन्दरताको सौन्दर्यतामाथि पनि नराम्रो प्रभाव परेको छ । त्यसैगरी यो सम्पूर्ण मानिसलाई पनि एकदमै दुःखको अलमलको स्थिति सिर्जना भइरहेको कारणले गर्दाखेरि यो ट्राफिक व्यवस्थापन, ट्राफिक लाइटसहित यो ट्राफिक, सडक पार्किङहरुको लागि पनि त्यो प्रकारको कामहरु गर्नका लागि पनि मैले अनुरोध गर्न चाहन्छु ।

आर्थिक मामिला तथा मामिला मन्त्रालयमा मध्यमकालीन खर्च संयन्त्रको पाटोलाई महत्वपूर्ण रुपमा कार्यान्वयन गर्ने विषयमा प्रभावकारी कानूनको भूमिका अगाडि बढाउनु पर्‍यो । राजश्वको दायरा बढाउने विषयमा करको समान परिस्थितिलाई सकारात्मक विभेदको सिद्धान्तको अवलम्बन गर्ने सुझाव दिन चाहन्छु । करोड आम्दानी हुने र हजार आम्दानी हुनेहरुको समान प्रकारको कर व्यवस्था अलि न्यायोचित हुँदैन कि ? त्यसकारणले गर्दा यसर्लाइ पनि सुधार गरेर लानु पर्छ भन्ने मैले सुझाव दिन चाहन्छु । यो राजश्व चुवाहट रोक्ने दरिलो संयन्त्र बनाउनुपर्छ । यसले आर्थिक सुशासन, आर्थिक अनुशासनमा बढोत्तरी गर्दै भ्रष्टाचार विरुद्धको शून्य सहनशीलतालाई मद्दत पुर्‍याउने देखिन्छ । साथै हालै महामारी चंगुलमा रहेका व्यापारी, व्यवसायीहरुलाई तत्काल राहतका रुपमा करको छुट अथवा करको अवधि बढाउने व्यवस्थालाई पनि मिलाउनुपर्छ भन्ने मैले सुझाव दिन चाहन्छु र यति भन्दै मेरा सुझावहरुलाई मेरा भनाइहरुलाई यही अन्त्य गर्ने अनुमति चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री राजिव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य इन्द्रलाल सापकोटा ।

## माननीय राजिव पहारी

सभामुख महोदय, मैले रातो किताबलाई औषधीको रुपमा लिएको छु । सबै औषधी गुलियो हुँदैनन् । कतिपय औषधी तितो पनि हुन्छन् तर त्यो खाँदा बिमार निको हुन्छ । सात मिनेटमा छ वटा मन्त्रालय र आयोगसँग सम्बन्धी विनियोजित बिधेयक माथि आफ्ना धारणाहरु राख्न चाहन्छु ।

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको मुख्य काम भनेको सबै मन्त्रालयहरु बीचको समन्वय, अनुगमन मूल्यांकन गर्नुका साथै सुसाशन प्रर्वद्धन गर्ने पनि हो र त्यही अनुसार अहिले लोकतान्त्रिक व्यवस्था भनेको जनताको शासन व्यवस्था हो । मुख्ममन्त्री तथा मन्त्री परिषद्को कार्यालयले जनताका गुनासा, समस्याहरुलाई नियमित सुनी तत्कालै सम्बोधन गर्ने गरी हेलो मुख्यमन्त्री कक्ष सञ्चालन गर्दै आएको छ त्यसलाई थप सुदृढ गर्ने गरी बजेट आएको छ यो राम्रो कुरा हो । विकास निर्माणका कार्यहरुमा आइपरेको समस्या तत्काल सम्बोधन गर्न श्रव्यदृश्यसहितको कक्षको सञ्चालन गरिएको छ त्यसलाई थप परिणामुखी बनउाने गरी बजेटको व्यवस्था भएको छ । विद्युतीय अनुगमन प्रणाली जसले हरेक मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन, मासिक, चौमासिक तथा वार्षिक कार्यक्रमको कार्य प्रगति अनुगमन गर्छ । सफ्टवयरको माध्यमबाट यसलाई थप सुदृढ र प्रभावकारी बनाउने, कम्प्युटरमा इन्ट्रि गर्ने कुरा जुन आएको छ यो राम्रो कुरा छ । प्रदेश समन्वय परिषद् र प्रदेश विकास समस्या समाधान समिति जुन मुख्यमन्त्रीको नेतृत्वमा छ। प्रदेश र स्थानीय तहबीचको विकास निर्माण र योजना तर्जुमा समन्वय गर्ने र विकास निर्माणमा आइपरेका समस्याहरुलाई समाधान गर्ने र ती अन्तर्गतका अन्य समितिहरुलाई पनि अफ्न सक्रिय बनाउने कुरा छ । समयमै  तोके अनुसारको  जिम्मेवारी काम गर्ने र काम देखाउनेलाई प्रोत्साहित गर्ने हरेक जिल्लामा नमूना कार्यालय घोषणा गर्ने नयाँ कार्यक्रम समावेश गरेको छ। यसले कामलाई गति दिने छ। जहाँ समस्या छ त्यहाँ तत्कालै समाधान गर्ने भिडियो कन्फरेन्समार्फत् अन्य मार्फत् यो अत्यन्त राम्रो कुरा छ । प्रदेश र स्थानीय तहका कर्मचारी, जनप्रतिनिधिको क्षमता, योग्यता अभिवृद्धि गर्न नीति नियमको बारेमा जानकारी गराउने गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान छ यसलाई थप क्रियाशील बनाउनुपर्छ  र म केही सुफ्नाव पनि दिन चाहन्छु ।

प्रदेशका प्रत्येक गौरवका आयोजनाहरुको अनुगमन, मूल्यांकन मात्र होइन, कतिपय त प्रत्यक्ष नेतृत्व नै मुख्यमन्त्रीले लिनुपर्ने देखिन्छ। जसले गर्दा त्यसको कामको प्रभावकारिता हुन्छ । जस्तो मलाई लाएको फेवा तालको हकमा तीनै तहका सरकारलाई जिम्मेवारी दिएको छ त्यसको मुख्यमन्त्रीले नै नेतृत्व लिने हो भने त्यसको छिटो परिणाम आउने थियो भन्ने मलाई लाग्छ । अर्को आर्थिक योजना मामिला मन्त्रालयको मुख्य काम वित्तिय अनुशासन कायम राख्ने, सञ्चिती कोषको व्यवस्थापन गर्ने, राजश्व श्रोतको परिचालन गर्ने, बजेट विनियोजनमा क्षेत्रगत मन्त्रालय तोकेर त्यसलाई सिलिंग दिने र आफू भन्दा पनि अरु मन्त्रालयको वित्तिय कुराको सहजिकरण होस् अहिलेको परिस्थितिको ठोस विश्लेषण गरेर कोरोना रोग रोकथाम तथा उपचार र नियन्त्रणका लागि कृषि, स्वास्थ्य र रोजगारी क्षेत्रलाई उच्च प्राथमिकता दिएर बजेट विन्यास गरेको छ । सामाजिक विकास मन्त्रालयमा कोरोनाका लागि प्रशस्त रकम विन्यास हुँदाहुँदै फेरि भोलि रकम अभावले यो

कोरोना नियन्त्रणमा समस्या नहोस् भन्नका निम्ति यो कोरोनाका लागि थप रकम राखिएको छ। यो फार साइटेट सोच भन्ने मलाई लाग्छ। अर्थ, विविध लगायतका शीर्षकमा एकमुष्ट रकम राखिन्थ्यो । यो वर्ष कार्यक्रम नै छुट्याएर कार्यक्रम राखिएको छ। जस्तै धवलागिरी खरायो फार्मलाई केही रकम र अन्य आयोजनाहरुमा लगानी गरेर राजश्व वृद्धि गर्ने व्यवस्था गरेको छ। आर्थिक रुपमा अत्यन्त प्रतिकुल परिस्थिति हुँदाहुँदै पनि यो वर्ष स्थानीय तहलाई वित्तिय हस्तान्तरणमा घटाइएको छ । चाहे वित्तिय समानिकरण अनुदान, चाहे समपुरक, विशेष र सशक्त अनुदान नै किन नहोस् । स्थानीय तहको प्रशासकीय भवन निर्माणलगायतका साझेदारी कार्यक्रमहरुको लागि पनि बजेट विन्यास गरिएको छ। स्थानीय तहबाट सञ्चालित चालु वर्षका क्रमागत योजनाहरुलाई सम्पन्न गर्न यथेष्ट रकम व्यवस्थापन गरेको अवस्था छ । अर्को भौतिक पूर्वाधार तथा विकास पूर्वाधार मन्त्रालय विगतका वर्षहरुमा भन्दा करिब २ अरब भन्दा बढी रकम कम हुँदाहुँदै पनि विगतका काम सम्पन्न नभएका अधुरा योजनाहरुलाई निरन्तरता दिँदै थप नयाँ योजनाहरु खास गरी सिञ्चाई, खानेपानी पनि समावेश गरेर बजेट विन्यास गरेको छ । सकारात्मक छ । लकडाउनको बीचमा पनि चाहे पूर्वाधार विकास कार्यक्रम होस्, चाहे सडक, पुल, खानेपानी, सिचाइ लगायतका कामहरु सामाजिक दुरी कायम राखेर भए पनि सोचे जस्तै उपलब्धि नभए पनि कामहरु भइरहेका छन् यो महत्वपूर्ण हो । एक निर्वाचन क्षेत्र, एक सडक गाउँपालिका केन्द्र जोड्ने सडकबाट प्रदेश सरकारले पाँच छ सय किलो मिटर पीच हुने गरी ठेक्का लगाएको छ आगामी डेढवर्षभित्र पाँच छ सय किलो मिटर कालोपत्रे सडक निर्माण हुँदै छ। एक घर, एक धारा कार्यक्रम अन्तर्गत करिब ३० हजार धाराहरु जडान गरिसकिएका छन् । प्रदेशभरिका अरु योजनाहरु कार्यान्वयन भइरहेको हुँदा आगामी दुई वर्षभित्र सबै घरमा पानी आउने गरी धारा देख्न पाउने अवस्था छ। उज्यालो प्रदेश अन्तर्गत विद्युत प्राधिकरणसँग सम्झौता गरी राष्ट्रिय प्रसारण लाइन पुग्ने ठाउँमा प्रशारण लाइनमार्फत् र पुग्न नसक्ने ठाउँमा जलविद्युत र सौर्य उर्जा मार्फत् आगामी वर्षमै उज्यालो प्रदेश बनाउने सम्भावना देखिएको छ। अब त्यस्तै नीति योजना आयोगको हकमा पनि त्यही कुराहरु छ नीति योजनाहरु बनाउने अरु कुराहरु पनि छन् (माननीय सभामुखः माननीय सदस्य समय सकिया)` र अन्तिममा एउटा सुझाव के दिन चाहन्छु भने, यो कतिपय ५० लाखको काम गर भनेर कार्यालयले स्टिमेट गर्ने ठेक्का निकाल्छ, काम २० लाखमा गरिन्छ । ३० लाखको काम ५० लाखमा गरिँदा कतिपय ठाउँमा स्तरीय नहुने देखिन्छ त्यसमा अलिकति सोच्नुपर्ने छ धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय दोवाटे विश्वकर्मालाई ।

## माननीय इन्द्रलाल सापकोटा

सभामुख महोदय, आज हामी विनियोजन विधेयक अन्तर्गत मुलत मुख्यमन्त्रीको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, लोकसेवा आयोग, न्यायाधिवक्ताको कार्यालय, योजना तथा नीति आयोगको विनियोजित बजेट माथि छलफलमा छौं । मैले ७ मिनेटको समयमा यसको सबै अन्तर्वस्तु भित्र म प्रवेश गर्न चाहन्न। त्यो सम्भव पनि छैन । माननीय मन्त्रीज्यूहरुले जुन मेहनत गरेर बजेट ल्याउनु भएको छ यसका निम्ति म धन्यवाद दिन चाहन्छु । मैले एक दुई वटा कुरा यो बहसको विषयको रुपमा मैले केही प्रस्तुत गर्न चाहन्छु भने बजेट, नीति, कार्यक्रम हामी जुन सान्दर्भिकतामा अत्यन्तै मुक्तकण्ठले प्रशंसा गर्‍यौँ। बजेट अत्यन्तै मुक्तकण्ठले प्रशंसा गर्‍यौँ। वास्तवमा जायज पनि छ अन्यन्तै राम्रो पनि छ । तर सर्लक्क विनियोजन शीर्षक भित्र जाँदा चित्त दुखाउनुपर्ने कुनै कारण छैन । केही जिल्लाका साथीहरु भाग्यमानी हुनुभएको छ । केही सांसद, केही मन्त्रीहरु भाग्यमानी हुनुभएको छ । यसका निम्ति धन्यवाद छ । मैले न्यूनतम एउटा जिल्ला र अर्को जिल्लाबीचको अन्तर चार पाँच वटा शीर्षकमा मात्रै ५ करोडको हाराहारी भित्र छ । हामीसँग पञ्चवर्षिय योजना छ । कुन जिल्लाको वस्तुगत अवस्था के छ हामीसँग चित्त छ । हामी समन्यायिकरणका कुरा गरिरहेका छौं । मुलुक अत्यन्तै अप्ठ्यारो परिस्थतिमा छ । त्यो सबै हामीलाई जगजाहेरै छ । त्यसको बाबजुद भित्र पनि जुन ३५ अरबको हाराहारी भित्र बजेट आयो । बजेट विन्यास गर्दा विनियोजन गर्दा अहिले पनि म जिल्लै भन्न सक्छु फेरि पनि मैले आदरणीय मन्त्रीज्यूहरुलाई, सांसदज्यूहरुलाई मैले आग्रह गर्न चाहन्छु कि सडक, पुल, खानेपानी लगायतका विभिन्न शीर्षकमा हेर्नुभयो भने झण्डै ५० करोडको हाराहारी भित्र सरदर जिल्ला हेर्नुभयो भने मेरो जिल्लासँग मैले केही जिल्ला तुलना गर्दा मैले ५० करोड हाराहारीको भित्र अन्तर छ । सडकमा मात्रै हेर्नुभयो भने १० करोडदेखि २० करोडको बीचको अन्तर छ । यसलाई हामी गण्डकी प्रदेशको समन्यcraft यिक समग्र प्रदेशको न्यायोचित वितरण गर्न सक्छौं कि सक्दैनौं ? हामी फेरि पनि बजेट हिजो मात्रै भौतिक पूर्वाधार मन्त्रीले जुन जुन शीर्षकमा सम्बोधन गरेर ल्याउनु भयो । यदि त्यो पनि नपरेको भए जिल्ला फर्कने स्थिति नै थिएन त्यसका निम्ति विशेष-विशेष धन्यवाद छ। फेरि पनि हामीले भूगोलमा जाँदा तपाईंको जिल्लामा कति पर्‍यो, अर्को जिल्लामा कति पर्‍यो । सबैले रेडबुक सबै अध्ययन गर्ने गर्छन् । अहिले दुनियाँ पारदर्शी दुनियाँ छ । तर यो दुनियाँ भित्र हेर्दा हामी अहिले पनि चिर्कटोको भरमा अथवा पहुँचका भरमा, शक्तिकै भरमा बजेट हाल्ने ट्रेन्ड, ट्रेन्डेन्सी, भर्खरै माथिबाट प्राप्त बजेट हेर्‍यो त्यही तालमा छ । हामी पनि त्यो बजेटबाट मुक्त छैनौं । यही गतिमा हामी आज ३ वर्षमा रनिङ छौं । अब २ वर्षपछि फेरि विदा हुन्छौं । सायद यसले के जाहेर गर्छ भने हामी बजेट विनियोजनका सन्दर्भमा एक कदम आवश्यकता आधारमा, त्यो जिल्लाको वस्तुगत

परिस्थितिका आधारमा, शिक्षाको अवस्था छ, स्वास्थ्यको अवस्था छ । भौतिक पुर्वाधारको अवस्था छ । सबै छ्वाङ्गै छ यसका आधारमा बजेट विनियोजन गर्नुपर्छ कि ? भन्ने कुरा मेरो सुझाव हो । फेरि पनि जुन-जुन शीर्षकमा बजेट परेका छन् । यसका निम्ति म हार्दिक-हार्दिक धन्यवाद दिन चाहन्छु ।

अर्को कुरा मलाई लागिरहेको छ के भने, यो बजेट कतिपय शीर्षक हेर्दा यो कहाँबाट पऱ्यो भन्ने पनि लागिरहेको छ । अलिअलि माथिको फोन होला, अलिअलि तलको फोन होला, फेरि पनि सिचाइ भन्या छ मुहानै देख्दिन । कतिपय यस्ता पनि कहींकहीं छिरेका छन् । फेरि पनि मैले बजेट अपेक्षित, न्यायोचित बन्न सकिरहेको छैन । मैले यसो भनिरहँदा बजेटको मुल मक्सदको बारेमा मेरो प्रश्न होइन । जुन मन्त्रालय अन्तर्गत बजेट आएको छ । त्यो रेडबुक सर्रर पढेका छौं । हेर्दाखेरी वास्तवमा म बागलुङवासीको हैसियतले भन्न चाहन्छु, एकचोटी त्यहाँको शिक्षा हेर्नुहोस्, त्यहाँको स्वास्थ्य हेर्नुहोस् । त्यहाँको भौतिक पूर्वाधार हेर्नुहोस् । समग्र बाग्लुङ जिल्लाको बजेट हेर्नुहोस् अनि अमुक कुनै दुई तीन वटा जिल्लाको हेर्नुहोस् । मैले फेरि पनि भने जोडका साथ भन्न चाहन्छु । ५० करोडको जिल्लामा अन्तर छ । सडकमा १० करोडदेखि २० करोडको न्यूनतम अन्तर छ । यसरी हामी न्यायिक विनियोजन गर्न सक्दैनौं । क्षेत्र पनि न्यायोचित छैन, त्यसकारण यस्ता कुराहरुमा आगामी दिनहरुमा वास्तवमा धेरै सोच विचार गर्नु जरुरी छ । हामी बीचको पुरानो रोग, ४६ सालदेखि हाम्रो बीचमा आएको रोग जस्ताको तस्तै तलसम्म पस्कदै जाने हो भने लोकतन्त्र, गणतन्त्र, परिवर्तन, संवृद्धि भन्ने कुरा कसरी सम्भव हुन सक्छ ? समाजवाद भन्ने कुरा कसरी सम्भव हुन सक्छ ? पहुँचका आधारमा, शक्तिका आधारमा बजेट हाल्ने कुरा फेरि पनि यो गलत छ । मैले सबै माननीय मन्त्रीज्यूहरुलाई यसमा कुनै आवेगमा होइन, कुनै रिसमा होइन । वास्तवमा सन्तुलन नगुमाउनु होस् धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य मोहन प्रसाद रेग्मी ।

## माननीय दोबाटे विश्वकर्मा

माननीय सभामुखज्यू, विशेष गरेर आज हामी २०७७ /०७८ को बजेट सन्दर्भमा छलफल गरिरहेका छौं । अस्ती पनि छलफलको सन्दर्भमा केही कुरा उठेको थियो । यो बजेट पिपलपाते हो भन्दाखेरिमा माननीयज्यूहरुले बासपाते हो भनेर प्रमाणित गर्नु भएको थियो। आज माननीयज्यूहरुले यो एकदम औषधि हो भनेर यसलाई राख्नु भएको छ । यसमा मेरो के भनाई छ भने, राम कृष्ण ढकालको एउटा गीत थियो मुटुमाथि ढुंगा राखी हास्नु पऱ्या छ । त्यस्तै खालको बजेट भा हो जस्तो लाग्छ । अहिले माननीयज्यूहरुको अभिव्यक्तिले पनि

त्यही देखाउँछ । यो बजेट माननीय मन्त्रीज्यूले असाध्यै मेहनत गरेर ल्याउनु भएको छ । धेरै राम्रो गर्न खोज्नु भएको छ । तर धेरै राम्रो बनाउन खोज्दाखोज्दै यो रातो किताबमाथि यो सेतो थपिदाखेरी यो उट जस्तो भयो कि भन्नी अनुभूति भएको छ । किनभने राम्रो वस्तु भनेर छोप्दा उँट बनेको हुन्छ त्यस्तै सेतो कागज थपिएपछि उँट जस्तो भयो भन्ने मलाई लाग्दछ । जबसम्म हामीले आज सुशासनको कुरा गरेका छौं । भ्रष्टाचार र शून्य सहनशीलताको कुरा गरेका छौं । अहिले सर्सती यो बजेटमा हेर्दा यो विभिन्न खर्च शीर्षकहरु हेर्दाखेरिमा तालिम, गोष्ठी, सेमिनार सारा कुरा भनेर यति धेरै बजेटहरु छुट्याइएको छ यसले कतै भ्रष्टाचार र अनियमिततालाई प्राथमिकतामा राख्यो कि भन्ने देखिन्छ । आज फेरि हामीले भन्यौं विकास निर्माणका अरु बजेटहरु प्राथमिकता भन्दा अहिलेको अवस्थामा कोरोनाको महामारीको संकटलाई कसरी जोगाउन सकिन्छ भन्ने जनतालाई कसरी उद्योग व्यवसायलाई धान्न सकिन्छ र कसरी ब्याजदर अहिले रोक्न सकिन्छ र कसरी जनताका आधारभूत आवश्यकतालाई सम्बोधन गर्न सकिन्छ भनेर विशेष गरेर यो बाटो परेन त्यो बाटो परेन भन्नुभन्दा पनि अहिलेको समस्या समाधान गर्नुपऱ्यो भन्ने हिसाबकिताबले हामी प्रतिपक्षले पनि त्यो कुरालाई हामीले सुझाव दिएका छौं  तर यहाँ हेर्दाखेरिमा अहिले पनि फेरि उही तालिम, उही गोष्ठी, उही सेमिनार विभिन्न खालका शीर्षकमा थुप्रै बजेटहरु छुट्टिएको अवस्था छ । अर्थमन्त्रालको कार्यालय र मुख्यमन्त्रीको कार्यालयबाट । त्यसकारणले फेरि घुम्दै फिर्दै रुम्जाटारमा भने जस्तै खालको यो बजेटले यो अवस्थाहरु ल्याएको अवस्था छ यसो सुन्दा खेरिमा । अर्को कुरा के पनि आग्रह गर्न चाहन्छु भने, हामीले रातो किताब निकालि सक्यौं । मलाई लाग्छ हाम्रो यो बजेट निर्माण गर्ने कुरामा नीति तथा योजना आयोगको मुख्य भूमिका हुन्छ होला भन्ने मलाई लाग्दछ । यो पढ्दामा रातो किताब पछि सेतो किताब निकाल्ने सन्दर्भमा नीति योजना आयोगले मन्त्रालयहरुलाई छलफल र सल्लाह दिनु पर्दैन होला? यस्तो खालको फ्रेम नाटकीय ढंगबाट ४४० वटा योजना थप गरेर बजेट फेरि छैन। बजेट २३ करोडको छ ४४० वटा योजना छ । त्यसकारण यो के गर्न खोजिएको हो यो ?माननीय सांसदहरुलाई मन्त्री भन्दा अरु माननीय सांसदहरुलाई मेरो भनाइमा तलमाथि पऱ्यो भने उल्लु बनाउन खोजिएको हो कि भन्ने मलाई अनुभूति हुन थाल्यो त्यसकारणले गर्दा यस्तो खालको परिस्थितिले प्रत्येक वर्षमा गत सालको बजेट निर्माणको सन्दर्भमा पनि धेरै त्रुटिहरु भए त्यसले धेरै अप्ठ्यारो परिस्थिति पाऱ्यो । त्यो बेलामा पनि हामीले प्रतिपक्षले भन्यौं यी-यी कुराहरु गल्ती भएका छन् सुधार गर्नुहोस् भन्यौ तर सरकारले एउटा नयाँ अनुभूतिहरु प्राप्त गर्ने अवसर पाएको छ त्यसकारण अहिले पनि फेरि अझ ६३ वटा पुल, ११५ वटा झोलुङ्गेगुल, ११४ वटा सिँचाइ आयोजना, १४८ वटा खानेपानीका आयोजनाहरु छन् । बजेट टोटल हेर्दाखेरिमा २३ करोड ५० लाखको बजेट छ । यसलाई हिसाब गर्दाखेरिमा ५ लाख ३४ हजार रुपैयाँ मात्र एउटा योजनालाई पर्दोरहेछ । त्यो पुलको डिडिआर गर्दा ५ लाख रुपैयाँले पुग्छ होला? एउटा

खानेपानीको डिपीआर गर्न ५ लाखले पुग्छ होला ? त्यसमा बजेट त मन्त्रीज्यूले कहीबाट व्यवस्था गर्ने सोच गर्नुभएको होला । तर यही पाँच लाख पनि त्यो रातो किताबमा सम्बोधन हुन पर्छ कि पर्दैन ? आज यो सेतो किताब भित्तामा टाँसिदिनुभए हुन्छ । सूचना प्रकाशित गरेर यति हामीले खानेपानीको यति योजनाहरु भनेरर प्रकाशित गरेका छन्, सिचाइका यति योजनाहरु भनेर भित्तामा टाँस गरिदिनुहोस् । हामी निवेदन लिएर फेरि आउनुपर्ने अवस्था छ । अर्को कुरा के भने यो जुन अहिलेको पछिको जुन बजेट यहाँ आएको छ, यो परम्पराको सामन्ती सोचबाट आएको छ भन्ने मलाई लाग्दछ । पहिला केही ऋण माग्न गयो भने के हुन्थ्यो रे भने, एक हप्तासम्म झुलाएपछि  बल्ल १०० रुपैयाँ माग्यो भने १० रुपैयाँ दिने चलन थियो भन्थे त्यही खालको सामन्ती खालको सोचबाट आइदिँदा सारा माननीय सांसदहरुलाई मन्त्रालयमा धाउन लगाउनी अनि हजुर मेरो डिपीआर गरिदिनुहोस् । मलाई १० लाख हालि दिनुहोस्, मलाई २० लाख हालिदिनुहोस् भन्ने खालको वातावरण सिर्जना गर्नलाई याो बजेट आएको जस्तो मलाई लाग्दछ  त्यसकारणले म आग्रह गर्दछु । अझै पनि यो बजेट यदि हरेक शीर्षकका बजेटहरुलाई पाँच लाख हो कि ? १० लाख हो कि ? अंकमा बजेटहरु उल्लेख गरेर समावेश हुनुपर्छ । होइन भने यो जनतालाई झुक्याउने र यो सदनका माननीय सदस्यहरुलाई झुक्याउने खालको कामले निश्चय पनि यसलाई पार गर्न सक्छ जस्तो मलाई लाग्दैन । प्रत्येक वर्षको योजना, नीति, बजेट, कार्यक्रमहरु ल्याउँदा खेरिमा यस्ता खालका वृद्धि गर्ने वातावरण आगामी दिनमा अन्त्य होस् यही निवेदन गर्दै विदा हुन्छु धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु  त्यसपछि माननीय सदस्य सरिता गुरुङ ।

## माननीय मोहन प्रसाद रेग्मी

माननीय सभामुखज्यू, हामी विनियोजन विधेयक २०७७ माथि छलफलको क्रममा छौं र आज मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश नीति तथा योजना सम्बन्धी विभिन्न शर्षिकमाथि छलफलमा भाग लिइरहेका छौं । सबैभन्दा पहिला म मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको सन्दर्भमा जसरी सबै क्षेत्रको नेतृत्व गर्ने अथवा सरकारको नेतृत्व गर्ने मन्त्रालय, त्यसको आवश्यकता र औचित्यलाई पुष्टि हुने गरी बजेट विनियोजन गरिएको छ । यद्यपी त्यही मन्त्रालयभित्र पनि मन्त्री परिषद्को कार्यालयमा पनि धेरै विषयहरुको अपेक्षा हुनसक्छ र यो सान्दर्भिक पनि छ । आर्थिक मामिला तथा योजना मन्त्रालमा थोरै मेरो टिप्पणी छ ।  आर्थिक तथा

योजना मन्त्रालय समग्र मन्त्रालयलाई बजेट विनियोजन गरेर मन्त्रालयका मन्त्रीहरु र मन्त्रालयको भूमिकालाई प्रभावकारी बनाउने गरी बजेट विनियोजित भएको होला कतिपय अप्ठ्यारा अवस्थाहरुमा अर्थ मन्त्रालयबाट अन्य मन्त्रालयसँग समन्वय गरेर बजेट सुनियोजित गर्ने क्रममा सरल, सहजता भयो भने तत्काल आवश्यक पर्ने क्षेत्रमा पनि बजेटलाई व्यवस्थापन गर्ने क्रममा, केही झस्काएको छ केही अप्ठ्यारो महसुस भएको छ। त्यो मैले महसुस गरेको छु। यद्यपि म मन्त्रालयसँग मेरो कुरा होइन कि, प्रसङ्ग जोडिएको मैले त्यस्तै महसुस गरिरहेको छु र पनि मन्त्रालय आर्थिक र योजना मन्त्रालयमा बजेटको व्यवस्थापन गर्ने हुँदा धेरै अप्ठ्याराहरु छन् । त्यसलाई त्यही ढंगले बुझ्नुपर्छ भन्ने मैले महशुस गरेको छु ।

म विशेष गरेर भौतिक पूर्वाधार तथा विकास मन्त्रालयसँग र यो बजेट विनियोजित गरेर रातो किताब र सेतो किताब २ वटैमा हामी सर्सती अध्ययन गर्ने हो भने पहिलो कुरा भौतिक पूर्वाधार विकास मन्त्रालयले योजना छनौट र त्यसको बजेट व्यवस्थापन गर्ने सन्दर्भमा अर्थ मन्त्रालयसमेतको समन्वयात्मक भूमिका र त्यसको व्यवस्थापनमा विशेष ध्यान दिएको छ भन्ने मैले महशुस गरेको छु । मैले यो किन कुरा उठाइरहेको छु भने, पटक-पटक हामीले छलफल यो गर्दाखेरि के विषयमा हामी प्रष्ट छौं भने, यसपटक कोरोना भाइरसका कारण धेरै विकास निर्माणका क्षेत्रमा बजेट विनियोजित गर्न सकिँदैन । त्यसैले यस पटकको बजेट बिगतमा हामीले शुरु गरेका रातो किताबमा परेका बजेटहरुलाई निरन्तरता दिने र सकेसम्म एकदुई वटा योजनाहरुलाई थप गर्न सकिन्छ कि भन्ने ढंगले प्रस्तुत हुनुभएको थियो । बजेट ठिकै हिसाबले त म भन्दिन समानुपातिक ढंगले वितरण भएको छ वा बजेट विनियोजन भएको छ यस्तो लाग्दैन तर योजनाको हिसाबले करिब, करिब थोरै अन्तर रहिनछ भन्ने मैले महशुस गरिरहेको छु । योजनाको नामको हिसाबले तर केही योजनाहरु छुटेका पनि छन् ती छुटेका योजनाहरुलाई कसरी समावेश गर्ने होला? म जुन क्षेत्रबाट आज निर्वाचित भएको छु आज त्यो क्षेत्रमा हिजो विनियोजित भएका बजेटहरु अथवा निरन्तरता दिने कुराहरु छुटेको मैले महशुस गरेको छु। अर्को स्थानीय तह सञ्चालन तथा स्थानीय तहसँग माग गरिएका योजनाहरु र त्यसको समराइज गर्ने सन्दर्भमा समानुपातिक ढंगले भएको छ कि छैन ? कुनै पालिकामा ५, ६ वटा योजना पर्ने, कुनै पालिकामा एउटा, दुईवटा भन्दा नपर्ने पनि भएको छ कि ? वा ती पालिकाले माग्ने क्रममा नपाएको हो कि त्यो अवस्था मन्त्रालयसँग विशेष जोडिन्छ होला । त्यसमा मेरो टिप्पणी छ। केही मन्त्रालयहरुमा, केही पालिकाहरुमा धेरै कुनै जिल्लाहरुमा, धेरै पालिकाहरुमा बजेटहरु त्यसरी विनियोजित भएको चाहे समपुरक होस् कि समानुपरक, समानिकरण होस् या विशेष र सशक्त भनिएको छ, तर ती सबै शीर्षकमा सबैमा समानुपातिक छैन कि भन्ने मेरो क्षेत्रको मलाई हेर्दा त्यस्तो अनुभूति भएको छ । यसलाई पनि ठीक ढंगले व्यवस्थापन

गरियोस् मेरो आग्रह छ । फेरि संघीय सरकारले विनियोजित गरेको बजेट त्यसले पारेको प्रभावबाट पनि बजेटहरु काटिएको छ या त्यो भएर मिलाएको हो भने त्यो पनि उपयुक्त नै होला र अर्को विषय के हो भने, अहिले हामी मैले सर्सती किन यस्तो पक्षपात भयो होला भनेर हेरेँ योजनाको विषयमा माननीय दोबाटे विश्वकर्माजीले पनि मैले नाम लिए लिन हुने थियो थिएन, थोरै टिप्पणी गर्नु भएको थियो । मैले सर्सती हेर्दाखेरि योजनामा तलमाथि त देखिन्छ, तर धेरै त्यस्तो अन्तर देखिन्न । हरेक जिल्लाको मैले यसो विश्लेषण गरेँ । सर्सती हेर्दाखेरि खानेपानीमा, सिँचाइमा, सडक, झोलुङ्गे पुल जुन रातो किताबमा आयो त्यसलाई गमेर हेरेँ बजेट त यही हो मैले त्यसलाई गमेर हेरेँ । गमेर हेर्दा तात्विक अन्तर देखिन्न । सडकमा पनि हेरे मैँले । विगतका सडकहरुको सर्सती हेरेँ अनि मैले त्यो धेरै पैसा परेको भनेको जिल्लाहरु हेरेँ । मैले लमजुङमा हेरेँ यसो फर्केर । गोर्खातिर यसो फर्केर हेरेँ, तनहुँतिर हेरेँ अनि आफ्नै जिल्ला स्याङ्जा हेरेँ । हेर्दा के देखिन्छ भने त्यहाँ करिब करिब एक दुईवटा योजना, दुई चार वटा योजनामा मात्र देखिन्छ । मैले स्याङ्जाकै हेर्दा सडकमा ४८ वटा योजना थिए भने अहिले ५५ वटा देखिन्छन् तर बजेट के देखिन्छ, बजेटको बारेमा म अहिले बोल्न चाहन्नँ । बजेट त्यो शीर्षकको नाममा भोलि बजेट आएर योजनाहरु सम्पन्न होला राम्रो पक्ष हो । तनहुँ पनि हेरेँ त्यस्तै ४५ यस्तै ४८ वटै देख्छु । अनि गोरखाको पनि हेर्छु ४९, ४६ नै देख्छु । लमजुङ ३९-४० नै देख्छु । त्यो किन धेरै र थोरै भयो भन्दा कहि पुलहरुमा धेरै परेको, झोलुँगे पुलहरु अलि धेरै राख्नु परेको । कहीँ खानेपानीमा अलि बढी राख्नुपरेको यो यस्तो स्थिति हो भने यो सन्तुलित विकासको सन्दर्भमा चर्चा गरिरहँदा आलोचना भन्दा पनि यथार्थ लाग्ने भन्नुपर्छ र योजनाको हिसाबले, बजेट विनियोजित गर्ने सन्दर्भमा समानुपातिक भएको छैन भन्ने मैले महसुस गरेको छु र योजना समावेश भएका सन्दर्भमा ती योजनाहरुमा भोलिका दिनहरुमा अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयबाट ती योजनाहरु समावेश हुनेछन् । अर्को टिप्पणी गर्न म चाहन्नँ । अरु मन्त्रालयको सन्दर्भमा म अर्को सन्दर्भमा म कुरा गर्नेछु अहिले (माननीय सभामुखः माननीय सदस्य समय सकियो) यी विषयहरुमा आफ्नो धारणा राख्दै समयोजन गरेर व्यवस्थित ढंगले बजेट विनियोजित र त्यसको कार्यान्वयन पक्ष त्यही ढंगले अगाडि जान सकोस् धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु त्यसपछि माननीय सदस्य मायानाथ अधिकारी ।

## माननीय सरिता गुरुङ

माननीय सभामुखज्यू, प्रदेश सरकारले विनियोजित बजेट २०७७ माथि विनियोजित विधेयक छलफल गर्ने क्रममा विभिन्न शीर्षकहरु माथि छलफल गर्न गइरहेका छौं र यसमा विशेष गरी मुख्यमन्त्री कार्यालय, भ्रष्टाचारमुक्त सुशासन भन्ने शीर्षकमा के देखिन्छ भने मुख्मयन्त्री कार्यालय हामी सबैको एउटा प्रदेशको प्रधानमन्त्री कार्यालय जस्तै हो तर यहाँ शीर्षक त असाध्यै राम्रो छ । भ्रष्टाचारमुक्त र सुशासन कायम गर्ने भन्ने छ तर यति हुँदाहुँदा पनि यहाँ भ्रष्टाचारमुक्त भन्ने बजारमा हल्लामा त्यति देखिँदैन किन भने मुख्यमन्त्री कार्यालयबाट कार्यान्वयन हुँदाखेरि भ्रष्टाचार, पारदर्शिता नभएको र एकलौटी भएको, काममा ढिलासुस्ती, प्रक्रियाहरु लम्बे भएको कारणले गर्दा जनताले सास्ती खेप्न परेको र यस्तै कुराहरुले गर्दा कति धेरै कार्यान्वयन हुनुपर्ने कामहरु पनि हुन नसकिरहेको कारणले गर्दाखेरि यस्तो कार्यहरु गर्दाखेरि कार्यान्वयन पक्षमा एउटा पारदर्शिता हुनुपर्‍यो । यो कसैको एकलौटी, कसैको दबाबमा नभइकन यो एउटा सुशासन कायम गर्ने र भ्रष्टाचार शून्य सहनशिलता कायम गर्नुपर्छ र यसरी मुख्यमन्त्री कार्यालयले एउटा नेतृत्व भ्रष्टाचार शून्य गरेर देखाउनुपर्छ भन्ने मलाई लाग्छ र सरकारले यो गर्न आवश्यकता रहेको छ भन्ने पनि सरकारलाई सुझाव दिन चाहन्छु । साथै यो भौतिक योजना मन्त्रालय अन्तर्गतको भन्नुपर्दा अहिले चाहे त्यो प्रतिपक्षको माननीयज्यूहरु होस् चाहे सत्ता पक्षको माननीयज्यूहरु होस् । यो मलाई अस्ती धेरै दिन पनि भएको छैन, हामीलाई यो पञ्चवर्षिय योजना यो ठूलो दस्तावेज एउटा बुक दिएको छ त्यो बुकमा कुन-कुन जिल्लामा के-के हुन्छ ? कहाँ-कहाँ के के समस्या छ? त्यहाँ सम्भावनाहरु के-के छ ? त्यहाँ सम्भावना नभएको कुराहरु के छ भन्नेबारेमा पञ्चवर्षे योजना तयार भइसकेपछि मलाई लाग्थ्यो, पक्कै पनि अब गण्डकी प्रदेश अब सिष्टममा चल्ने छ र एउटा सिष्टमबाट गएपछि यो पक्कै पनि यो प्रदेशको जनताले सुख पाउने छ र संवृद्ध प्रदेश सुखी नेपाली पक्कै हुनेछ भन्ने मलाई लागिरहेको थियो  तर त्यो किताब के का लागि गर्‍यो मलाई थाहा छैन, चाहे कर्मचारीलाई काम दियो, चाहे आसेपासेलाई काम दियो, त्यो मैले बुझ्न सकेन किन भने बुक एकातिर छ योजना भने यो भौतिक मन्त्रालयको योजनाहरु फरक छ त्यो अन्य मन्त्रालयहरुको त्यो सित मेल खाएको छैन किनभने योजनाहरु छनौट गर्दा एउटा आवश्यकताका आधारमा गर्नुपर्न हुन्छ अनि त्यही आवश्यकताका आधारमा गर्‍यो भने मात्र बल्ल हामीलाई जनताले विश्वास गर्ने हो ।  यो एकदमै असाध्यै फितलो छ यसैले यसमा कार्यान्वयन पक्ष र चाहे त्यो टेण्डरको प्रक्रियामा होस् या यो कार्यान्वयन गर्दाखेरिको होस् यो कुनै पनि कार्यान्वयन पक्ष ढिलासुस्तीसँगै यो पञ्चवर्षिय योजनासँग मेल आएको छैन त्यसैले कि त भने हामीले यसलाई सुधार्नुपर्ने हुन्छ न भने त्यो पुस्तकहरु बाँड्दाखेरि एउटा माननीयहरुलाई भ्रम पर्ने पक्कै पनि भ्रम पार्न खोजेको हो भन्ने मैले बुझेको छु र यति सँगसँगै माननीय सभामुखज्यू यहाँ धेरै कुराहरु आउने क्रममा यहाँ सबैले आफ्नो कुराहरु राखि सक्नुभएको छ माननीयज्यूहरुले यसमा प्रदेश लोकसेवा आयोग भन्ने छ । यो लेखसेवा आयोग हामी आफैले पनि पढ्दा, लेख्दा,

जान्ने सुन्ने हुँदाखेरि अरु ठाउँमा भनसुन चल्छ अरे अरु ठाउँमा भ्रष्टाचार हुन्छ अरे भने कसैको भनाइमा नियुक्ति, बढुवा, सरुवा हुन्छ तर लोकसेवा असाध्यै निष्पक्ष हुन्छ, लोकसेवा सबैको आधार हो । लोकसेवा सबैलाई भरपर्दो स्तम्भ हो भन्ने हुन्छ। हाम्रो गण्डकी प्रदेशमा पनि प्रदेश लोकसेवा आयोग गठन भाको छ । र यो वार्षिक रुपले यहाँ बजेट छुट्याएको देखिएको छ । खर्च पनि भयो होला र वार्षिक रुपले यो बजेट छुट्याएको छ तर यो लोकसेवा आयोगले कतै कुनै काम गरेको देखिएको छैन । आइन्दा यसको काम जिरो नै हो शून्य नै हो भने यो देखाउनका लागि र यो भन्नका लागि राख्न मैले आवश्यक ठानेको छैन । नभने लोकसेवा आयोगलाई एउटा सक्रिय र द्रूत ढंगले लाग्नुपर्छ भन्ने मैले यो गरिमामय सभामा सुझाव दिँदै मैले विदा हुन्छु धन्यवाद । जय नेपाल !

## माननीय सभामुख

माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मायानाथ अधिकारी

माननीय सभामुखज्यू, प्रदेश सभाको यो सम्मानित बैठकमा २०७७/०७८ को आर्थिक वर्षको बजेट तथा कार्यक्रम आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङद्धारा असार १ गते प्रस्तुत भई हामीले राजश्व व्यय अनुमानको छलफल भई समाप्त गरेर आज विनियोजन विधेयकको छलफलमा छौं । आजको छलफलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, लोकसेवा आयोग, मुख्यन्यायाधिवक्ताको कार्यालय तथा प्रदेश नीति तथा योजना आयोगको शीर्षकमा हामी छलफल हामी सुरु गरिरहेका छौं । यसमा सरकारले जुन नीति तथा कार्यक्रमको आधारमा बजेट बनाएको छ त्यसरी नै मेहनतपूर्वक बजेट बनाएर त्यसलाई विनियोजन गरेको छ म मेरोतर्फबाट हाम्रो संसदीय दल  नेकपा नेपाल कम्प्युनिष्ट पार्टी गण्डकी प्रदेशको संसदीय दलको तर्फबाट र मेरोतर्फबाट समेत सरकारलाई हार्दिक आभार धन्यवाद ज्ञापन गर्न चाहन्छु र मेरो समर्थन पनि जाहेर गर्न चाहन्छु । हामीले वास्तवमा हामी अहिले संघीयता कार्यान्वयनको क्रममा छौं । संघीयता कार्यान्वयनको मुख्य कडी प्रदेश हो । प्रदेशको कामलाई जति प्रभावकारी बनाउन सकियो त्यति नै संघीयता सफल भएको मानिन्छ । अहिले भर्खरै हाम्रो अगाडि रहेको हामीले सामना गरिरहेको महामारी कोभिड १९ को महामारी रोकथाम, नियन्त्रण र उपचारको प्रसंगमा प्रदेश सरकारले जे भूमिका खेलिरहेको छ उसले खेलेको महत्वपूर्ण भूमिकाले यसको महत्व र आवश्यकतालाई पुष्टि भएको छ ।

माननीय सभामुखज्यू, हामी अहिले मन्त्रालयहरुको छलफलमा छौं । प्रदेश नीति तथा योजना आयोगले मध्यम पञ्चवर्षिय योजना निर्माण गरेको छ । यस अघि स्थितिपत्र पनि

सार्वजनिक गरेको छ । स्थितिपत्र पनि सार्वजनिक गरिकन पञ्चवर्षिय योजना सार्वजनिक गरेको छ । त्यससँगै कोभिड १९ ले पारेको असर प्रभाव सम्बन्धमा पनि स्थितिपत्र सार्वजनिक गरेको छ । अब हाम्रो अवस्था के छ, अब हामी कसरी अगाडि बढ्ने भन्ने कुरा आएको त्यहि आधारमा, त्यही पञ्चवर्षिय आधारमा, त्यही नीति योजनाको आधारमा सरकारले आफ्नो नीति, कार्यक्रम, योजनाहरु अगाडि सारेको छ । त्यसमा एउटा कुरा भन्नुपर्ने छ हामीले । एउटा कुरा के भन्नुपर्ने छ मलाई अगाडि पनि भन्दै आइरहेको छु । हामीले करिब स्थिति परिवर्तन गऱ्यौ । प्रणाली परिवर्तन गऱ्यौं। प्रणाली परिवर्तन गरे अनुसार हामीले वातावरण र मनस्थिति परिवर्तन गर्न सकेनौं भनेर मैले बारम्बार भनेको थिएँ । त्यही कुरा अहिले पनि मैले दोहोऱ्एर भन्न चाहन्छु । हामी नयाँ वातावरणमा जान खोजिरहेका छौं । नयाँ काम गर्न खोजिरहेका छौं । छलाङ मार्न, फड्को मार्न खोजिरहेका छौं विकासको फड्को मार्न खोजिरहेका छौं तर फड्को मार्न खोज्दाखेरी खुट्टामा दाम्लो बाध्ने परिस्थति भएर फर्किन गाह्रो भइरहेको छ । कुरो चाही नयाँमा गर्न खोजिरहेका छौं। काम नयाँ गर्न खोजिरहेका छौं । योजना नयाँ गर्न खोजिरहेका छौं । संरचना नयाँ बनाउन खोजिरहेका छौं । तर हाम्रो मनस्थिति पुरानै छ । हामीले त्यही २० लाख ३० लाखको माग गर्छौं । २० लाख ३० लाखको माग गर्दाखेरि फुटकर योजनाहरु बढी पर्ने, परिणाम आउने योजनाहरु कम पर्ने, ठूलो मात्राको कम संख्याको पर्ने सम्भावनाहरु कम पर्ने हुन्छ । हामीले सानो मात्राले पनि परेन भने आलोचना विरोध गर्छौं र फुट्कर फुट्कर योजनाको माग गर्दाखेरि परिणाम नआउने हुन्छ त्यसकारण परिणाम आउने योजनाहरुलाई जोड दिनुपर्छ भन्ने मलाई लाग्छ । यसैकारण सायद प्रदेश सरकारले अहिले प्रदेश विकास प्राधिकरणको योजना ल्याएको छ । प्रदेश विकास प्राधिकरणले अलि छिटो छरितो काम गर्नका निम्ति, स्टिमेटहरु बनाउनका निम्ति, डिजाइनहरु बनाउनका निम्ति, मन्त्रालयमा जाने परियोजनाहरु स्टिमेट गर्न २ वर्ष लगाउने । कार्यान्वयन गर्न अर्को २ वर्ष लगाउने । ४ वर्ष ५ वर्ष ६, वर्ष १० वर्ष लगाउने । योजना कार्यान्वयन नहुने जुन परम्परा छ त्यसलाई तोडेर प्रदेश विकास प्राधिकरण स्थापना गरेर प्रदेश विकास प्राधिकरणले छिटो डिजाइनहरु तयार गरेर, योजनाहरुलाई कुनलाई कहिले प्राथमिकरण कसरी गर्ने हो ? त्यसको बारेमा धारणा बनाएपछि मन्त्रालयहरुमा त्यसलाई कार्यान्वयन गर्न सजिलो हुन्छ भनेर प्रदेश विकास प्राधिकरणको कुरा ल्याएको होला । हामीले त्यसलाई कताकति टिकाटिप्पणी पनि गरेका छौं किन हामीलाई प्रदेश विकास प्राधिकरण चाहियो भनेर भन्छौ तर हामी यो कामलाई छरितो गर्न चाहन्छौं । यो कामलाई छिटो गर्न चाहन्छौं । हाम्रो योजनाहरु छिटो होस् भन्न चाहन्छौं । आर्थिक मामिला मन्त्रीले लौ अब चार महिनाभित्र प्रथम चौमासिक भित्र पूरा गर्छौं भनेर प्रतिबद्धता जनाउनु भएको छ । सम्झौता अनुसार काम भयो भने राम्रो कुरा हो । त्यो हुनुपर्छ नगरे कै कारणले परिणाम आएको छैन । नगरेकै कारणले कार्यान्वयन भएको छैन । त्यो चार महिना प्रथम चौमासिकमा ठेक्कापट्टा र सम्झौता

भयो भने कार्यान्वयन हुन्छ त र यसलाई अझै व्यवस्थित गर्नका निम्ति प्रदेश विकास प्राधिकरणको कुरा पनि आएको छ यो राम्रो कुरा छ भन्ने लाग्छ यसलाई व्यवहारमा कार्यान्वयन गर्न सकियो भने आगामी दिनमा योजनाहरु कार्यान्वयन छिटो छरितो होला भन्ने मलाई लाग्छ । यसकारण यसमा म धेरै चर्चा गर्न चाहिनँ, गहिरिएर त्यहाँ विषय प्रवेश गर्ने समय पनि छैन । मुख्य कुरा जुन मुख्यमन्त्री कार्यालयको नेतृत्वदायी भूमिका छ। नेतृत्वदायी भूमिकाप्रति म प्रशंसा गर्न चाहन्छु । अझै त्यसलाई प्रभावकारी व्यवस्थित गर्नुपर्दछ । हेलो मुख्यमन्त्री, जनतासँग मुख्यमन्त्री वार रुमलगायत विभिन्न खालका जनतासँग प्रत्यक्ष जोडिने कुराहरु सञ्चालन गरेर जनतामा भएका समस्या गुनासाहरु सुन्ने त्यति मात्र होइन योजनाहरुको प्रत्यक्ष अनुगमन गर्ने त्यो सिष्टमलाई अगाडि बढाइएको छ । यसले पारदर्शिता र जवाफदेहितालाई बढाएको मैले महसुस गरेको छु यो राम्रो कुरा हो तर त्यसलाई अझै राष्ट्रिय नेतृत्वमा जोड्ने गरी, जुन नेटवर्क हामीले सञ्चारको नेटवक प्रयोग गरिरहेका छौं । त्यो नेटवर्क पोखरामा मात्र सीमित, प्रदेशमा मात्र सीमित हो कि जस्तो लाग्छ । त्यसलाई राष्ट्रिय नेटवर्कमा जोडेर अझै बलियो र प्रभावकारी बनाउनुपर्दछ भन्ने म ठान्दछु ।

प्रदेश समन्वय परिषद्, प्रदेश समस्या समाधान समितिहरु छन्, त्यसले काम गर्ने कुरामा प्रभावकारी बनाएकै छ । त्यो राम्रो छ भन्ने मलाई लाग्छ । अर्को कार्यविधि निर्वाचन क्षेत्र पूर्वाधारको प्रसंग छ । निर्वाचन क्षेत्र पूर्वाधारको सन्दर्भमा मेरो भन्नु केही छैन आइसकेको छ । २ करोडको लगानी कार्यक्रम आइसकेको छ । त्यसको कार्यविधि बनाउनुपर्छ । मुख्यमन्त्री कार्यालयमा गएर थुप्रिन परिस्थिति अन्त्य गरेर निर्वाचन क्षेत्रमै टुँगिने गरी ल्याएर एउटा छलफल र सहयोगको आधारमा त्यहाँको एउटा राम्रो वातावरण बनाएर टुँग्याउने आाधारमा त्यो कार्यविधि बनाउनुपर्छ र मुख्यमन्त्री कारणमा नआउने गरी कार्यविधि बनाउनुपर्छ भन्नेमा जोड दिन चाहन्छु । अर्को निर्वाचन क्षेत्र पूर्वाधारको अनुगमन गर्दा अहिले समानुपातिक सांसदलाई जिम्मा दिइयो । म पनि मनाङ पुगेर आएँ । मनाङ र लमजुङ पुगेर आएँ । तर त्यो जाने त हो गाडिमा चढ्ने त हो तर त्यसको टिएडिए पाउने कि नपाउने सांसदले ? टक्लक्क ३२ करोड भन्या छ सेवासुविधा थिएन हिजो पनि थिएन। अहिले पनि ३२ करोड भन्या छ । त्यहाँ अनुगमन गर्ने यदि सांसदले जिम्मा लिने हो भने यसको व्यवस्था मिलाउनुपर्छ । अनुगमनको व्यवस्था मिलाउनुपर्छ, अनुगमन अर्को सांसदलाई दिने हो भने त्यो आते जाते व्यवस्था त्यसको के हो ? संसदीय समितिले गरे अनुसारको भत्ता, व्यवस्था विशेष भत्ता हामीले माग्या होइन, त्यहाँ गएको खर्च त चाहियो त ? त्यो खर्च त्यहाँ उल्लेख छैन । नीतिमा उल्लेख गर्‍या छ त्यो पनि व्यवस्था हुनुपर्छ भनने मलाई लाग्या छ । मुख्य न्यायाधिवक्ताको कार्यालयले राम्रो काम गरिराख्या छ । स्थानीय तहको सहजीकरण, स्थानीय तहको एउटा कानूनी सहजीकरणको काम गरेको छ।

नीति योजना आयोगले म प्रशंसा गर्न चाहन्छु नीति योजना आयोगलाई । उसले सबभन्दा राम्रो काम, अहिलेसम्मको अरु योजना आयोग भन्दा राम्रो काम गरेर योजनाहरु अगाडि बढाएको छ। पञ्चवर्षीय योजनाहरु निर्माण गरेको छ। स्थानीय तहलाई योजना सहजीकरण गर्ने काम गरेको छ त्यो राम्रो छ । भौतिक पूर्वाधार विकास कार्यालयको बारेमा धेरै योजनाहरु सिँचाई, खानेपानी, सडक, भोलुंगेपुल, मोटरेवल पुल लगायत धेरै योजनाहरु छन् । ती योजनाहरु परेका छन् । कहिकही छुटेका पनि हुन सक्छन् । कहीकहीँ छुट्याछन् भने मलाई जानकारी छैन । कही छुटेको छ भने हामीले छलफल गर्ने हो । सुझाव दिने हो । गरेका कुरालाई पनि आलोचना गर्ने, परेका कुरालाई पनि परेको छैन भन्न जरुरी छैन जस्तो मलाई लाग्छ । परेको कुरालाई धन्यवाद दिनुपर्छ नपरेको कुरालाई कहाँ हो त्यो सुझाव दिन हामी सक्छौं जस्तो मलाई लाग्छ यसमा धेरै कुरा होइन तर कार्यान्वयन हुने गरी राम्रोसँग बेलैमा कार्यान्वयन हुने गरी बेलैमा ठेक्का पट्टा हुने गरी, बेलैमा योजना शुरु हुने गरी काम हुनुपर्‍यो । योजना पर्‍या छ तर चैत, वैशाख, जेठतिर मात्रै योजना शुरु गर्ने परम्पराबाट भने पर्‍या छ भनेर जनतालाई भन्नु मात्रै हुन्छ । त्यसलाई कार्यान्वयन गर्नेतिर, छिटो कार्यान्वयन गर्नेतिर ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले सबै मन्त्रालयको आर्थिक वित्तिय कुरालाई समन्वय गर्छ । कुन कुन मन्त्रालयको अवस्था के छ ? खर्च भएको छ कि छैन ? खर्च भएको छैन, कुन बेला खर्च गर्नुपर्ने हो ? त्यसको अनुगमन गर्नुपर्ने, मितव्ययितालाई प्राथमिकता दिनुपर्ने, ( माननीय सभामुखः माननीय सदस्य समय सकियो) सबै क्षेत्र समेटर योजना पूरा गर्नुपर्ने कुरालाई अझै प्रभावकारी बनाउनुपर्छ भन्ने धारणा राख्छु । लोकसेवा आयोग जुन स्थापित भएको छ, लोकसेवा आयोगको कामलाई अझै प्रभावकारी बनाएर, कर्मचारी व्यवस्थाको कुरालाई प्रभावकारी बनाउनुपर्छ र कार्यालयलाई प्रभावकारी बनाउनुपर्छ, कामलाई प्रभावकारी बनाउनुपर्छ भन्ने कुरा राख्न चाहन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय मेखलाल श्रेष्ठ

माननीय सभामुख महोदय, आज हामी यो ०७७/७८ को बजेटको विनियोजन माथि दफाबार छलफलमा छौं । सर्वप्रथम मुख्यमन्त्रीको कार्यालय सम्बन्धमा मेरो केही विचारहरु राख्न चाहन्छु । हाम्रो गण्डकी प्रदेश भनेको सम्पूर्ण मन्त्रीको, प्रदेशको, जनताको सबैको ध्यान आकृष्ट हुने ठाउँ भनेको मुख्यमन्त्री नै हो र यसको सफलता र असफलता पनि मुख्यमन्त्रीमै गएर टुँगिने हुनाले म के भन्न चाहन्छु भने, हो मुख्यमन्त्रीज्यू, मुख्यमन्त्रीको कार्यालयमा धेरै कार्यक्रमहरु राम्रा राखिएका छन् । मुख्यमन्त्रीले धेरै राम्रा कामहरु गर्नुभएको

छ होला, तर व्यवहारमा त्यो देखिएको छैन । मलाई त अब शंका लाग्न थालेको छ, मुख्यमन्त्रीज्यूले निर्देशन दिँदै जाने, त्यो निर्देशन दिएको टेलिफोनको तारहरु बीचमै काटिदिने या कुनै म्यासेजबाट गएको भए म्यासेजलाई अन्तै डाइर्भट गरेर ह्याङ गरिदिने कुराहरु सायद मुख्यमन्त्रीज्यूले थाहा नपाएर होला कुनै पनि उहाँको निर्देशनहरु कायम देखिएको छैन । त्यसमा मुख्यमन्त्रीज्यूको ध्यान अझै जाने छ भन्ने कुरा चाहे त्यो बार रुम होस् चाहे त्यो प्रत्यक्ष कुराकानी होस् या उहाँले यो रोष्टममा बोलेका कुराहरुबाट प्रमाणित गरिरहेका छन् ।

अहिलेको महामारीको विषयमा उहाँले धेरै कुराहरु गर्नुभएको छ । फिल्डमा जानुभएको छ। गरेकोलाई गरेको भन्नुपर्दछ तर उहाँको निर्देशन नमानेको हो कि ? म आउँछु मात्रै तिमीहरुले काम नगर भनेको जस्तो देखिएको छ । न चाहे त्यो आइसोलेसनको व्यवस्था होस्, चाहे त्यो क्वारेन्टाइनको होस्, चाहे अन्य कुनै विकास निर्माणको कामहरु पनि नटेरिएको, नगरिएको र त्यसको कुनै पनि फल नपाएको अवस्थाले गर्दा सायद मुख्यमन्त्रीज्यूको इच्छाशक्ति, उहाँको चाहना हुँदाहुँदै पनि उहाँले दिएको निर्देशनहरुलाई अरु कसैले नटेरेको हो भने त्यसमा विशेष गरेर अहिले जुन हिसाबको बजेट छुट्याइएको छ । त्यसमा अझै बढी मुख्यमन्त्री नै जिम्मेवार भएर ध्यान जाओस् र यो प्रदेशको विकासमा अहम भूमिका मुख्यमन्त्रीज्यूबाटै आउने भएको हुनाले त्यतातिर अझै बढी ध्यान जान्छ भन्ने मलाई लाग्दछ ।

आर्थिक मामिला मन्त्रीको विषयमा मैले अरु केही भन्नुछैन । योजनाहरु दिनुभएको छ । मन्त्रालयलाई सिलिंग दिनुभएको छ । करको दायरा बढाउने कुरामा एउटा मात्रै सुझाव दिन चाहन्छु । घरभाडा कर । हाम्रो प्रदेशमा पनि धेरै ठूला-ठूला सहरहरु छन् । धेरै ठूला-ठूला सहरमा भाडामा लगाएर खाने हाम्रो धेरै धनाढ्य व्यक्तिहरु हुनुहुन्छ । समाजवाद उन्मुख बनाउने नीति ल्याउने हो  सरकारलाई आर्थिक रुपमा सक्षम बनाउने हो भने थोरै प्रक्षेपण राखौं तर कमसेकम घरभाडा कर शुरुवात गरौं भन्ने मैले सुझाव दिन चाहन्छु । भौतिक योजना मन्त्रालयको विषयमा धेरै योजनाहरु आएका छन् । योजनाहरु छनौट गर्न क्रममा धेरै कमी कमजोरीहरु देखिएका छन् । हामीहरु यहाँ धेरै उठ्यौं, धेरै भन्यौं तर कार्यान्वयन मुख्यमन्त्रीज्यूले निर्देशन नदिएर हो, मन्त्रीले गर्न नचाहेर हो या मन्त्रीले भनेका कामहरु कर्मचारीले नगरिदिएर हो कार्यान्वयन धेरै फितलो भएको कुरा धेरै माननीयज्यूहरुले भनिरहनु भएको छ । म प्रतिपक्षीले त भन्ने नै भए । त्यसमा तपाईंहरुलाई देखेर बल्ल खुसी लागेको छ । सत्ता पक्षको माननीयज्यूहरुले पनि नराम्रो कुरालाई नराम्रो भयो है त्यसलाई सुधार्नुपर्छ, सुधार्दै जानुपर्छ भनेर तपाईहरु लाग्नुभएको छ । हाम्रो पहिलादेखिको चाहना त्यही थियो तपाईहरु पनि त्यसमा लाग्नुभएको छ । मलाई अत्यन्त खुसी लागेको छ । मैले अस्ति पनि भनेको थिएँ समाजवाद । सच्चा समाजवाद भनेको के हो ? त्यो

बजेटले देखिन्छ हजुर । समाजवादप्रति यो सरकार कति संवेदनशील छ ? सबैलाई समानुपातिक विकास भयो कि भएन ? पूर्व माननीयज्यूले भनिसक्नुभएको छ । केन्द्रमा पनि प्रधानमन्त्रीज्यूले भन्नुभएको थियो मैले योजना त मागेकै होइन, तर मलाई योजना हालिदियो । यस्तै यहाँ पनि मुख्यमन्त्रीज्यूले त कहाँ मागेको हो ? सबै मुख्य सचेतकज्यूले माग्नुभयो होला । सत्ता पक्षको मुख्य सचेतकज्यूले । किन भने मनाङमा सडकमा जम्मा ८ करोड चानचुन छ तर लमजुङमा ३६ करोड जानचनु छ । कहाँ मुख्यमन्त्रीज्यूले माग्नुभएको हो ? कर्मचारी डराएर मुख्यमन्त्रीले सरुवा गरिदिन्छ भनेर हालिदिएको त्यो मुख्यमन्त्रीलाई थाहै छैन । यही त हो नि समाजवाद र समावेशी विकास भनेको । सायद त्यस्तै लाग्छ अहिले हामीले त्यही सम्झिनुपर्छ । मैले भन्दा त प्रतिपक्षले विरोध गरेको होला तर डाटा एकचोटी केलाइदिनका लागि मैले आग्रह गर्दछु । त्यस्तै पुलमा पनि सभामुखज्यू पनि ठूलै मान्छे हुनुहुन्छ, सम्माननीय हुनुहुन्छ । पर्वतमा जम्मा ७६ लाख तर लमजुङमा ६ करोड त्यही होला समाजवाद । हामीले त समाजवाद सिकेको त नभएको मान्छेलाई, अनाथालयहरुलाई, असहजमा जन्मेकाहरुलाई, नपुगहरुलाई पुऱ्याएर उनीहरुलाई पनि उत्थान गरेर बराबर बनाउनी हो । मलाई यसो लाग्यो । लमजुङ सबभन्दा कमजोर रहेछ गण्डकी प्रदेशमा । पर्वत सबभन्दा उन्नत भइसक्या रहेछ । मनाङ पनि सबै संयन्त्रहरुले, सडकहरुले, सबै खानेपानीले, सिचाइले भरीपूर्ण भएको हुनाले मनाङलाई किन गर्नुपऱ्यो ? त्यो लमजुङको बाटो भएर जाने हो त्यसो भएको हुनाले मनाङलाई विकास गर्न पर्दैन लमजुङलाई नै विकास गरिदिए हुन्छ भनेर विकास आएको जस्तो लाग्छ ।

सभामुख महोदय, मेरो मेन कुरा के हो भने, हामीले अब यो गण्डकी प्रदेशलाई अगाडि बढाउने हो मुख्यमन्त्रीज्यूले भनेकै जस्तो, हाम्रो सरकारले चाहेकै जस्तो सबैलाई बराबरी र हामी साच्चै समाजवाद उन्मुख पुग्ने हो भने हामीले कृषिमा होस् या सडकमा होस् या विद्यालयमा होस् या अहिलेको यो परिस्थितिबाट जन्मेको बेरोजगारीहरुलाई समाजमा समानुपातिक रुपमा जसले त्यसबाट सुविधा भोग गर्न पाएका छैनन् । उनीहरुलाई सुविधा भोग बनाएर गास, बास, कपासको पहिला ग्यारेन्टी गरिसकेपछि पहिला जमानामा एक हल गोरु भनिन्थ्यो भने अहिले कमसेकम विकसित एउटा जोत्ने टेक्टर सबैको घरमा पुऱ्याउन यो सरकारले सुरु गरोस् । त्यसपछि बल्ल समानुपातिक विकास र समाजवाद उन्मुख हाम्रो शासन व्यवस्थामा अगाडि बढ्न सकिन्छ । होइन भने पहुँचबाट गर्ने, कार्यकर्ता मेरो र तेरो भन्ने र मलाई कसले धेरै भेट्यो र कसले धेरै चाकडी गऱ्यो भनियो भने हामी समाजवाद उन्मुख भइँदैन यसले फेरि वर्गमा एउटा विभाजन आउने छ । जिल्लामा विभाजन आउने छ र फेरि अर्को एउटा नयाँ अर्को आन्दोलन सिर्जना भएर यो प्रदेश अर्को बिखण्डनमा जाने छ यो कुरालाई यो प्रदेश सरकारले विशेष गरेर यसको नेतृत्वकर्ता यसको

मुख्यमन्त्रीज्यूले ध्यान दिनुहुनेछ भन्ने आफ्नो भनाई राख्दै विदा हुन्छु हस् धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल असार ९ गते दिनको १२ बजेसम्मको लागि स्थागित हुन्छ ।